**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन ०५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 17 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६९

## औषधिको मात्र भर नपर्न ज्येष्ठ नागरिकलाई चिकित्सकको सुझाव







तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ फागुन/

डा अनुपम उपाध्यायले ज्येष्ठ नागरिकहरूले औषधिमा मात्र आधारित जीवनशैली निर्वाह गर्दा समस्या उत्पन्न हुने बताएका छन् ।

ज्येष्ठ नागरिक सङ्घ, पर्साले मासिकरूपमा आयोजना गर्दै आएको चिकित्सक परामर्श कार्यक्रममा शुक्रवार ज्येष्ठ नागरिक पार्क, वीरगंज–१५ मा आयोजित कार्यक्रममा उनले चिकित्सकीय सल्लाहमा औषधि नियमितरूपमा लिनुपर्ने र त्यसका साथै आफ्नो दिनचर्यामा पनि ध्यान दिनुपर्ने सुझाव दिए ।

उनले कतिपय ज्येष्ठ नागरिकहरू औषधि मात्रको भरमा बस्दा त्यसको 'साइड इफेक्ट' हुने भएकोले खानपान, आराम, विश्राममा पनि विशेष ध्यान दिनुपर्ने बताए। उनले ज्येष्ठ नागरिकहरूलाई उमेर हदको कारण विभिन्न खाले रोग लाग्ने गरेकामा त्यसबाट जोगिनका लागि नियमितरूपमा योग, फिजियोथेरापी गर्नुपर्ने सुझाए। डा उपाध्यायले ज्येष्ठ नागरिकहरूले पोषणयुक्त खानपिनमा ध्यान दिनुपर्ने, दैनिक ६–८ घण्टा सुत्नुपर्ने बताए ।

ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य एवं प्रदेश संयोजक जगदीशप्रसाद शर्मालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण शाखा सचिव विनयराज गौतमले गरेका थिए ।

## अलौंमा भौतिक संरचनाको विकास हुँदै

प्रस, परवानीपुर, ४ फागुन/

पर्सा जिल्लाको पहिलो सदरमुकाम अलौं अहिले वीरगंज महानगरपालिका वडा नं १७ मा पर्छ । अलौं ऐतिहासिक ठाउँ र महानगरपालिका अन्तर्गत पर्ने भएपनि भौतिक संरचनाको विकासको दृष्टिकोणले अहिले पनि ग्रामीण भेगकै वडाजस्तै देखिन्छ। वीरगंज, महानगरपालिका हुने क्रममा अलौं गाभिएर वडा नं १७ भएपनि त्यहाँ विकासले गति लिएको थिएन। स्थानीय तहको दोस्रो निर्वाचनपछि यस वडामा भौतिक संरचनाको विकासले गति लिन थालेको छ।

२०७९ को दोस्रो स्थानीय तहको चुनावपछि वीरगंज मनपाले सो वडाको विकासको लागि लाखौं रकम बजेट विनियोजन गरेको छ । त्यस वडामा एमालेबाट निर्वाचित वडाध्यक्ष सञ्जीवबहादुर छतकुलीले वीरगंज महानगरको बजेटमा मात्र भर नपरी प्रदेश सरकार र प्रदेश सांसदहरूबाट पनि बजेट माग गरेको बताए ।

पछिल्लो दुई आवमा उनले सो वडामा स्थानीय तह र प्रदेश सरकारबाट झन्डै १२ करोड रकम बजेट ल्याएर विकास निर्माणका काममा जुटेको उनी बताउँछन्। "म वडाध्यक्ष भएको दुई वर्ष पुग्न लागेको छ। अलौंका विभिन्न मुख्य सडकहरू कालोपत्र गर्ने योजनालाई प्राथमिक चरणमा राखेको छु। त्यसपछि अन्य विकास निर्माणका योजनाहरू अगाडि बढाउनेछु," उनले भने ।



अलौंमा निकै प्रदूषित सडकको रूपमा सिवान टोलादेखि आइसिपी सडकको पर्वाल हुँदै आइसिपी गेटसम्म आउने सडकलाई लिइन्थ्यो। अहिले सो सडक पनि कालोपत्र हुँदैछ । करीब १५ सय मिटर लम्बाइको उक्त सडकमा माटो पुर्ने र नाला निर्माण कार्य भइरहेको छ। असार मसान्तभित्र उक्त सडक कालोपत्र गर्ने लक्ष्य छ।

त्यसैगरी, पदमरोड–अलौंचोकदेखि अलौं हुँदै नेरा आधारभूत विद्यालय सिवानटोला सीमा क्षेत्रसम्म १५ सय मिटर लम्बाइको सडक पनि कालोपत्र गर्ने योजना छ । सो सडकका कुनैकुनै ठाउँमा कालोपत्र रहेको तर त्यसलाई पनि मरम्मत गर्ने उनले बताए । पाँच सय मिटर लम्बाइको बुढियामाई मन्दिरदेखि सीमासम्म, १५ सय मिटर लम्बाइ रहेको वडा कार्यालयदेखि कोनिया गाउँ हुँदै तिलावे नदीसम्म, स्वास्थ्य चौकीदेखि पदमरोडसम्म (एक किलोमिटर), अलौं बजारदेखि इदगाहसम्म (७०० मिटर) लगायतका सडक कालोपत्र गर्ने काम भइरहेको वडा कार्यालयले जनाएको छ।

यसैगरी, बुढियामाई मन्दिरको सौन्दर्यीकरणमा गत आव वर्ष ४८ लाख र यस आवमा ५० लाख गरी कुल ९८ लाख बजेट विनियोजन भएको वडाध्यक्ष छतकुली बताउँछन् । यसैगरी, एक करोडको लागतमा १६ शय्याको अस्पताल पनि निर्माण भइरहेको उनले बताए । वीरगंज मनपाको सहयोगमा एक करोड लागतमा बर्थिङ सेन्टर र प्रदेश सरकारको ५० लाखको लागतमा स्वास्थ्य चौकी निर्माण भएको उनले बताए ।

सडक तथा अन्य भौतिक संरचनाको काम सम्पन्न भएपछि शैक्षिक संस्थान अर्थात् तीनवटा सरकारी विद्यालयको

(बाँकी अन्तिम पातामा)

## नागरिकको हकमा लड्न राससलाई सुझाव

प्रस, वीरगंज, ४ फागुन/

राष्ट्रिय समाचार समितिको ६३औं वार्षिकोत्सवको अवसरमा वीरगंज शाखाले 'जिम्मेवार पत्रकारितामा रासस को भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रम गरेको छ ।





तस्वीरः प्रतीक

कार्यक्रमको उद्घाटन पूर्वमन्त्री एवं सङ्घीय सांसद प्रदीप यादवले गर्दै राससलाई सरकारले आवश्यकता अनुसार सहयोग गर्न नसकेकोले दिन प्रतिदिन कमजोर हुँदै गएको बताए । उनले सरकारी सञ्चार संस्था राससले अब नागरिकको हकअधिकारको पक्षमा समाचार दिनुपर्ने सुझाव दिए । सांसद यादवले रासस गठन भएको ६३ वर्षपछि मुलुकमा आमूल परिवर्तन भएको बताए।

उनले संविधान परिवर्तन भएकोले राससलाई नागरिकको पक्षमा कमल चलाउन आग्रह गरे। देशमा परिवर्तनसँगै धेरै विकृति आएको र त्यसको दोषी सरकार भएकोले सरकारविरुद्ध राससले कलम नचलाउनु दुःखद भएको बताए।

सासंद यादवले मधेसको हकअधिकारको विषयमा राससले समाचार दिन कञ्जुस्याइँ गरेको आरोप लगाए। सरकार परिवर्तनसँगै राससको नेतृत्व फेरिने गरेकोले गुणस्तरीय समाचारको लागि योग्य नेतृत्व ल्याउनुपर्नेमा जोड दिए।

उनले भौगोलिक असमानता रहेको देशमा सुन्तलाको बजार व्यवस्थापनको समाचार लेख्ने मिडियाहरू तराईमा मल, सिंचाइको हाहाकारबारे चुप रहेको आरोप लगाए ।

कार्यक्रममा अन्य वक्ताहरूले राससलाई विश्वसनीय समाचार दिन आग्रह गरेका थिए। वक्ताहरूले राससमा स्टिङ्गर रिपोर्टर राख्दा राजनीतिक आस्थाको आधारमा नराखी भूगोलको आधारमा विविध समाचार लेखन सक्नेलाई प्राथमिकता दिनुपर्ने सुझाव दिए।

रासस वीरगंजका प्रमुख राजु विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा, शाखा अध्यक्ष अनुप तिवारी, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष मनोज दास, पत्रकार रामकुमार एलन, दीपक गौतम, तुलसी भण्डारीलगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा स्वागत विजय महतो र सञ्चालन माधुरी महतोले गरेकी थिइन्।

## सात महीनामा महानगरद्वारा ३० करोड राजस्व सङ्कलन

प्रस, वीरगंज, ४ फागुन/

वीरगंज महानगरपालिका कार्यालयले सात महीनामा रु २९ करोड ९४ लाख ६१ हजार ४६२ राजस्व सङ्कलन गरेको छ ।

वीरगंज महानगर राजस्व महाशाखाका प्रमुख मनोज कर्णले महानगरको आन्तरिक स्रोतबाट सो अवधिमा गत आवको तुलनामा करीब चार करोड बढी राजस्व सङ्कलन भएको बताए ।

उनले गत वर्षको यसै महीनासम्म रु २५ करोड ९९ लाख ५३ हजार ७५६ राजस्व सङ्कलन भएको जानकारी गराए। महानगरले सम्पत्तिकरबाट ११ करोड ४९ लाख ४९ हजार ९७७, भूमि/मालपोत करबाट ६१ लाख ३७ हजार १४७, घरबहाल करबाट तीन करोड ७७ लाख ४७ हजार ४४२, बहाल बिटौरीकरबाट ११ लाख ५१ हजार २००, सवारीसाधन कर (साना सवारी)बाट १८ लाख ८९ हजार ४१०, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट एक करोड चार लाख १२ हजार ४३०, बाँडफाँडबाट प्राप्त हुने विज्ञापन करबाट १९ लाख ६७ हजार २६५, व्यवसाय रजिस्ट्रेशन दस्तुरबाट एक करोड ६७ लाख दुई हजार १३०, अखेटापहारमा लाग्ने करबाट एक करोड ६४ लाख ६० हजार, सरकारी सम्पत्ति बहालबाट प्राप्त आय दुई करोड ७३ लाख ३८ हजार, निजी धाराको शुल्क ८३ हजार ३९०, अन्य सेवा शुल्क एक करोड ८६ लाख २६ हजार १०६, न्यायिक दस्तुरबाट १५ हजार ५७०, अन्य प्रशासनिक सेवा शुल्क १७ लाख २६ हजार ८२६, नक्शापास दस्तुरबाट दुई करोड १३ लाख १९ हजार ७३५, सिफारिश दस्तुरबाट एक करोड ४० लाख ९३ हजार ५४६, व्यक्तिगत घटना दस्तुरबाट १८ लाख ६७ हजार ८७७, नाता प्रमाणित दस्तुरबाट १३ लाख ७५ हजार ८७०, प्रशासनिक दण्ड जरिवाना र जफतबाट ४१ लाख ७३ हजार ७६७ र बेरुजू छ लाख १९ हजार गरी चालू आवको सात महीनामा रु २९ करोड ९४ लाख ६१ हजार ४६२ राजस्व सङ्कलन भएको बताए ।





## हत्यारालाई कारबाईको माग गर्दै प्रदर्शन

प्रस, रौतहट, ४ फागुन/

राजदेवी नगरपालिका–६ का बासिन्दाले शुक्रवार राहुल साहको हत्यारालाई कारबाईको माग गर्दै प्रदर्शन गरेका छन्।





तस्वीरः प्रतीक

गौर नगरपालिकाका विभिन्न क्षेत्रमा जुलूस प्रदर्शन गर्दै सहभागीहरूले प्रहरीको विरोधमा चर्को नारा लगाएका थिए । उनीहरूले 'दोषीलाई कारबाई गर', 'फरार अभियुक्तलाई पक्राउ गर'लगायतका नारा लगाएका थिए ।

नगरपरिक्रमापछि जिल्ला प्रहरी कार्यालय, रौतहटअगाडि पीडित परिवारले धर्ना दिएको थियो ।

गत कात्तिक २४ गते राजदेवी नगरपालिका–६ निवासी राहुल गुप्तालाई चारजना मिली छुरा प्रहार गरी हत्या गरेको मृतकका बुबा नागेन्द्र साहले बताए।

घटनामा संलग्न रहेको आरोपमा सोही ठाउँ निवासी राहुल गुप्ता पक्राउ परेका छन् भने मुकेश गुप्ता, अनिल गुप्ता र विनोद गुप्ता फरार रहेका साहले बताए।

### विचारसार र सूक्तिहरू

**दुईथरीका मानिसले मात्र तपाईंलाई बुझ्न सक्छन्, पहिलो त्यो जसले तपाईंको जस्तै अवस्था भोगिसकेको छ, दोस्रो त्यो जसले तपाईंलाई अति माया गर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# ठेकेदारको साहसी काम

**सम्पन्न गरेको कामको भुक्तानी सरकारले नगरेको भनेर सार्वजनिक अपील गरेर ठेकेदार कम्पनीले साहसी काम गरेको छ । बारा जिल्लाको पथलैयादेखि निजगढ जाने पूर्व–पश्चिम राजमार्गमा पर्ने दुधौरा खोलामा पुल निर्माण कार्य गत वर्ष नै सम्पन्न हुनुपर्ने हो । सरकारले १५ करोड २२ लाखमा ठेक्का दिएको यो पुल निर्माणको जिम्मा लिएको ठेकेदार कम्पनीले अहिले ५६ प्रतिशत काम सम्पन्न गरिसकेको र सोबापतको रकम नपाएको भनेर सार्वजनिकरूपमा निर्माणस्थलमा नै होर्डिङ बोर्ड झुन्ड्याएर आम नागरिकलाई भुक्तानीको लागि पहल गरिदिन आग्रह गरेको छ । ठेकेदार कम्पनीले भुक्तानी नपाएको भनेर काम रोकेका घटनाहरू थुप्रै सुन्नमा आएका छन् । तर समयमा काम सम्पन्न नगर्ने ठेकेदारलाई कालोसूचीमा राख्दै आएको सरकारलाई दुधौरा पुलको ठेक्का सकार गरेको ठेकेदार कम्पनी महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंले समयमा सरकारले भुक्तानी नगरेपछि होर्डिङ बोर्ड झुन्ड्याएर सार्वजनिकरूपमा भुक्तानीको लागि अपील गरेको घटना भने नौलो हो । यस प्रकारका कार्यले ठेकेदारलाई मात्र होइन सरकारलाई पनि जिम्मेवार बनाउन अभिप्रेरित गर्छ । सरकारले तोकेको समयमा भुक्तानी नगर्दा पनि निर्माण कार्यहरू प्रभावित हुन्छन् भन्ने आम बुझाइ बनिसकेको छैन । ठेक्का सकार गर्ने कम्पनीहरूले आधा अधूरा काम गरेर छाडेका थुप्रै घटना छन् ।**

**पर्साकै पप्पु कन्स्ट्रक्शन यस कार्यमा निकै बदनाम छ । उसले गरेका कामहरू अधिकांश पूरा भएका छैनन् । तर ती कामहरू किन अधूरो अवस्थामा छन् भन्नेबारेमा उसले कहिले पनि सार्वजनिकरूपमा जानकारी गराएन । यसो नगर्दा देशभरमा पप्पु कन्स्ट्रक्शन काम सम्पन्न नगर्ने भनी बदनाम छ । आफ्नो कमजोरी भए स्वीकार गर्नु र त्यसलाई सुधार्नु अनि सरकारको गलती छ भने सोबारेमा बोल्ने कार्य पप्पुले अहिलेसम्म गर्न सकेको छैन । राजनीतिक ओत लिएर आफ्ना कमीकमजोरीलाई लुकाउने कार्यमा मात्र उसको संलग्नता देखिन थालेको छ । विभिन्न दलहरू चहारेर अहिले आफूलाई लौह अनुशासन भएको पार्टी भन्ने एमालेमा समाहित भएर कमीकमजोरी लुकाउने दाउमा पप्पु लागेको छ । राजनीतिक ओतमा आफ्ना अनियमितताहरू लुकाउनु कदापि राम्रो कार्य होइन । यस मानेमा पनि अहिले महादेव/खिम्ती/हीराचन जेभी काठमाडौंको साहस प्रशंसायोग्य छ । उसले भुक्तानी नपाएर काम अगाडि बढ्न नसकेको भनेर सरोकारवालाहरूलाई गुहार लगाएको छ । यसो गर्दा दुधौरा पुल निर्माण हुन नसकेर दुःख–कष्ट खेपिरहेको जनताको गालीको भागीदारी ठेकेदार कम्पनी हुनुपर्दैन । होर्डिङ बोर्ड पढ्नेहरूले सरकारको यस कार्यको विरोध गरिरहेका छन् ।**

**जसरी तोकिएको समयमा ठेकेदारले काम पूरा गर्नुपर्ने दायित्व हुन्छ, त्यसरी नै सम्पन्न भएको कामको भुक्तानी पनि समयमा दिनु सरकारको दायित्व हुन्छ । अहिले स्थानीय तहदेखि प्रदेश र सङ्घबाट गरिएका निर्माण कार्यहरू देशभरमा आधा अधूरा अवस्थामा छन् । भर्खरै मधेस प्रदेश सरकारले भुक्तानी नदिएको कारण ठेकेदारहरूको छ अर्बभन्दा बढी भुक्तानी रोकिएको कुरा प्रकाशमा आएको थियो । काम सम्पन्न भएको दुई वर्षसम्म भुक्तानी नहुनुको पीडा सम्बन्धित पक्षले मात्र महसूस गर्न सक्छ । जसरी सरकारले समयमा काम सम्पन्न नगर्नेको नाम कालोसूचीमा राख्छ, त्यसैगरी प्रतिबद्धता अनुसार काम नगर्ने सरकारका सञ्चालकको नाम पनि कालोसूचीमा राख्ने व्यवस्था भए सबैले जिम्मेवारीपूर्वक** [redacted]

# असल परम्पराले मात्रै असल प्रेरणा दिन्छ

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**नेपाली सांस्कृतिक विविधताको समुचित पहिचान गरी यसलाई संरक्षण गरिएन भने हामी हुनुको अस्तित्वसमेत सङ्कटमा पर्ने र भावी पुस्ता अलमलमा पर्ने भएकोले पनि नेपाली मौलिक शिक्षाको विकास र संवर्द्धनमा समुचित ध्यान दिन आवश्यक देखिन्छ ।**

यतिबेला हाम्रो समाजमा सबै व्यक्तिको दिमागमा एउटै प्रश्न उठिरहेको छ–"हाम्रो समाज किन दिन प्रतिदिन बिग्रँदै गइरहेको छ ? समाजको प्रत्येक क्षेत्र भताभुङ्ग, अस्तव्यस्त, अव्यवस्थित किन हुँदै गइरहेको छ ? प्रत्येक क्षेत्रमा नकारात्मक प्रभाव किन बढिरहेको छ ?" यो सबैको लागि विचारणीय प्रश्न भएको छ । एउटा घरभित्र अभिभावकले सोच्छ मेरा छोराछोरी दिन प्रतिदिन बिग्रँदै गइरहेका छन् । छोराछोरीहरू सोच्छन्, हाम्रा अभिभावक कति रूढिवादी छन्, हामीलाई नियन्त्रणमा राख्न खोज्छन् । कुनै स्वतन्त्रता दिन चाहँदैनन् । त्यसैगरी, समाजको अगुवालाई लाग्छ, हाम्रो समाजमा अनुशासन नामको चीज छैन । सबै अनुशासनहीन भएका छन् । कोही कसैको कुरा मान्न तयार छैनन् । सबै आआफ्नै तालमा आआफ्नै डम्फु बजाइरहेका छन् ।

ठीक त्यसैगरी एउटा पार्टीलाई देश चलाउन साह्रै सकस भएको छ । एक्लै चलाओस् वा मिलेर, अचम्मको गाह्रो अनुभूत हुँदैछ । अगुवालाई लाग्छ, सबै कार्यकर्ता कामचोर, भ्रष्ट र फटाहा भए । त्यसैगरी, कार्यकर्ताहरूलाई लाग्छ, हाम्रा नेताहरू भ्रष्टाचारी र अनैतिकहरूका सरदार हुन् । देशको सत्ता चलाउने शासकहरूलाई लाग्छ, जनता बिग्रेको छ । कर तिर्न चाहँदैन । अरूको उक्साहटमा सरकारलाई अप्ठ्यारो पार्न लागिरहन्छन् । त्यसैगरी, जनतालाई लाग्छ, राज्य जनविरोधी छ । जनताको हकहित राज्यको प्राथमिकतामा छैन । राज्य केवल तस्कर, भूमाफिया र भ्रष्टाचारीहरूको चार घेराभित्र रजगज गरेर बसेको छ । यही हो हाम्रो वर्तमान अवस्था । यस्तो किन ? यस्तो हुनुको मुख्य कारण के हो ? आउनुस्, यसबारे थोरै छलफल गरौं–

हाम्रो समाजमा कुनै पनि कुराको छलफलको लागि मूलतः दुईवटा विचार देखिन्छन् । एउटा विचारले भन्छ, यहाँ सबै कुरा पहिलेदेखि नै निर्धारित छ । जे लेखिएको छ, त्यही हुन्छ । हाम्रो समाजमा भएका सबै अस्तव्यस्तताको पछाडि कलियुगको विकास हो । यतिखेर कलियुग चर्मोत्कर्षमा छ । अर्थात् घोर कलियुग । त्यसैले कतै पनि नैतिकता भेटिँदैन । न जोगी–संन्यासीमा, न मन्दिर–पुजारीमा, न राज्यसत्तामा न गृहस्थ जीवनमा । कहीं पनि नैतिकता नहुनुमा ईश्वरले लेखेको हो । यस्तो हुनु थियो र भइरहेको छ ।

यस सोचको ठीकविपरीत भौतिकवादी विचार छ । अर्थात् वैज्ञानिक विचार जसले भन्छ कुनै पनि कुरा पूर्वनिर्धारित हुँदैन । सबै घटना एउटा विशेष घटनाबाट उत्पन्न हुन्छ । त्यसैले गर्दा त्यसको विकास हुन्छ र त्यस अनुसारकै प्रतिफल देख्न पाइन्छ । यदि त्यो खालको घटना नहुँदो हो भने त्यस्तो निष्कर्ष देख्न पाइँदैन । यसरी विज्ञानले सबै कुरालाई विकासको एउटा सिलसिलामा हेर्छ । एउटा निश्चित क्रमबद्धता छ । त्यो क्रमबद्धताले सबै कुरा अगाडि बढिरहेको छ । प्रत्येक साङ्लोको कडी एक अर्कासँग जोडिएको जस्तै ब्रह्माण्डका सबै कुरा एक अर्कोसँग अन्योन्याश्रित छ । यसमा कतै पनि भाग्यको कुनै दखल हुँदैन । भाग्यवाद मानिसले नितान्त आफ्नै स्वार्थका लागि बनाएको काल्पनिक कुराबाहेक केही होइन । यस खालको निष्कर्ष भौतिकवादले सारेको छ । त्यसैले हामी प्रकृतिका सबै घटनाको अध्ययन गरेर प्रकृतिको नियम जानेर आफ्नो अनुकूलतामा त्यसलाई प्रयोग गर्न सक्छौं । त्यसमा कुनै पनि नियतिवादको गुन्जाइस रहन्न ।

२१औं शताब्दीसम्म मानव समाज आइपुग्दा थुप्रै यस्ता कुरा छन्, जो परम्पराको रूपमा समाजभित्र स्थापित छन् । ज्ञानको अभावमा यस्ता अनेकौं कल्पना र भावनात्मक सोच आएको थियो, जसको अब कुनै प्रासाङ्गिकता छैन ।

यतिबेला ज्ञानविज्ञानको युगमा विज्ञान प्रविधिले गर्दा हिजोका सबै रहस्य बिस्तारै खुल्दै गइरहेका छन्, अझै खुल्न बाँकी रहेको, भोलिको दिनमा वा भविष्यमा खुल्ने नै छ । वीरगंजमा परम्परादेखि सरस्वतीपूजा हुँदै आएको छ । यसो भन्दै गर्दा माटोको मूर्ति वा कागजको फोटोमा दियो बालेर पूजा गर्दा विद्या आर्जन हुने मनोवैज्ञानिक भाव देखिन्छ । त्यसैको क्रमबद्धता प्रियजन गुमाउँदा तिनको फोटोमा अगरबत्ती बाल्ने, टीका लगाउने, फूल छर्ने र ढोग्नेसम्मको काम गरेको देखिन्छ । प्राचीनकालदेखि नेपालमा शिक्षा लिने–दिने प्रक्रिया सञ्चालनमा थियो । तर सङ्गठित र योजनाबद्ध थिएन । शिक्षाको मुख्य ध्येय संस्कारयुक्त नागरिक तयार गर्नु थियो । असल आचरण र बानी–व्यवहारको विकास गर्नु त्यतिखेरको शिक्षाको उद्देश्य हुन्थ्यो । यहाँ के स्मरणीय छ भने संस्कारयुक्त भनेको पूजापाठ गर्ने, अन्धविश्वास मान्ने, रूढिवादी परम्परामा हिंड्ने मानिसलाई संस्कारी भनी परिभाषित गर्ने चलन आज पनि देखिन्छ । पुरानो समयमा बुबाआमाले छोराछोरीलाई आवश्यक ज्ञान, सीप हस्तान्तरण गर्थे । त्यो संस्कार, संस्कृति, मूल्य–मान्यता पारिवारिक तथा सामाजिक सद्भावसँग पनि अन्तर्सम्बन्धित हुन्थ्यो । समाजको परम्परा, मूल्य–मान्यता, चाल–चलन एवं धर्म–संस्कृति अग्रजबाट तल्लो पुस्तामा विभिन्न शैक्षिक प्रक्रियाबाट हस्तान्तरण गर्ने गरिन्थ्यो ।

त्यतिखेरको शिक्षा व्यवस्था नितान्त अनौपचारिक एवं अनियमित हुन्थ्यो । सामाजिक परिवेश सरल र सामान्य थियो । पूजाआजा सबैभन्दा ठूलो काम देखिन्थ्यो । योभन्दा नैतिकवान् र संस्कारयुक्त अरू काम थिएन । तर पुरानो आर्थिक सम्बन्ध बदलिएपछि खासगरी सामन्तवादको ठाउँमा पूँजीवाद आएपछि समाजभित्र विज्ञानले ठाउँ पाउँदै गयो र समयको परिवर्तन र मानवीय चेतनाको अभिवृद्धिसँगै व्यक्तिको सोच, विचार एवं आदर्शमा पनि परिवर्तन हुँदै आयो र व्यक्तिको जीवनपद्धतिमा पनि परिवर्तन देखा पर्न थाल्यो । अब सामाजिक जटिलता र मानवीय आवश्यकता बढेपछि परिवारको अनुकरणात्मक शिक्षाले सामाजिक भार एवं मानवीय आवश्यकता थेग्न नसक्ने भयो । यसो हुँदा शिक्षालाई सङ्गठित र योजनाबद्ध किसिमले अगाडि बढाउने प्रयास हुन थाल्यो । सुरुआती दिनहरूमा शिक्षा सर्वसुलभ भए तापनि सबैको पहुँच, समावेशिता, गुणस्तर र उपलब्धिजस्ता कुराहरूको सन्दर्भमा स्पष्ट मापदण्ड थिएन, तथापि शिक्षा (विद्या) प्राप्त गरेको व्यक्तिलाई सबैले सम्मान गर्ने परिपाटी थियो ।

जहाँसम्म नेपालको शैक्षिक इतिहासको सन्दर्भको कुरा छ, १०४ वर्षीय राणाकालमा केही शैक्षिक सुधारहरू भएको पाइए पनि योजनाबद्ध र गुणात्मक शिक्षाको विकास हुन सकेन । त्यतिखेरको शिक्षाले सामाजिक–सांस्कृतिक परिवर्तनलाई अपेक्षितरूपमा आत्मसात् गर्न नसके तापनि केही हदसम्म स्थापित मूल्य–मान्यताको रक्षा गर्ने थोरबहुत प्रयास भएको देखिन्छ । अन्ततः जनता जागरूक भई राणाशासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको स्थापना भएपछि जनचाहनाको सम्मान गर्दै विद्यालय शिक्षाको विस्तार र विकासमा योजनाबद्ध प्रयासहरू हुन थालेको पाइन्छ । यस्तोमा नेपालको विद्यालय शिक्षालाई समायानुकूल बनाउँदै लैजाने सन्दर्भमा विभिन्न प्रयासहरू हुँदै आएका पनि छन् । हाम्रो संस्कार, संस्कृतिको जगमा आफ्नै मौलिक शिक्षाको विकास गर्नेभन्दा विश्वव्यापी प्रभावबाट निर्देशित भएर बाहिरी संस्कृतिलाई प्रोत्साहन गर्ने शिक्षा भित्र्याउने उपक्रमले निरन्तरता पायो । राजनीतिक परिवर्तनसँगै नयाँ–नयाँ योजना, अभियान, कार्यक्रमको माध्यमले विद्यालय शिक्षालाई समसामयिक बनाउने प्रयास भयो । विद्यालयीय शिक्षाको विकासका लागि थुप्रै प्रयास गरिए पनि अपेक्षाकृत यसलाई व्यवस्थित गर्न नसकिएको जनगुनासो विद्यमान छ । यसको मूल कारण पूँजीवादी व्यवस्था नै हो । पूँजीवादले अन्धविश्वास र रूढिवाद समाप्त पार्ने अग्रसरता लिनुभन्दा त्यसलाई नै सहवरण गरेर आफ्नो पेट भर्ने सजिलो बाटो निकालेको देखिन्छ । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक बनेपछि भने नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित पारेको छ । तर समग्र शिक्षा योजना, पाठ्यक्रम निर्माण, गुणस्तर निर्धारणलगायत कुरामा सङ्घीय सरकार र प्रादेशिक सरकारको भूमिका रहने कानूनी व्यवस्था छ । जसले गर्दा जनवादी, प्रगतिशील र वैज्ञानिक शिक्षा बनाउने कुरामा कसैको सरोकार देखिएको छैन । हुनत नेपालको विद्यालय शिक्षालाई थप व्यवस्थित बनाउने सन्दर्भमा सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले विभिन्न प्रयास पनि गर्दै आएका छन् । माध्यमिक तहसम्मको शैक्षिक अधिकार स्थानीय तहमा आएसँगै स्थानीय सरकारहरूले स्थानीय पाठ्यक्रममार्फत हाम्रा मौलिक कला, संस्कृतिको जगेर्ना, विकास र प्रचारप्रसारको थालनी पनि गर्न थालेका छन् । तर यति मात्रै प्रयासले आजको युगको आवश्यकतालाई सम्बोधन गर्न सकिँदैन । नेपाली समाजलाई युग सापेक्ष चेतनाको प्रवाहमा अगाडि बढाउन सकिँदैन । संस्कृति भनेको ज्ञान, कला, विज्ञान, विश्वास, नैतिकता, कानून र समाजको सदस्य भएको हैसियतले आर्जन गरेको क्षमता एवं आनीबानीको जटिल समग्रता हो । शिक्षाले चेतना र क्षमता विकास गर्ने भएकोले सांस्कृतिक रूपान्तरण र परिवर्तनमा समेत शिक्षाको अहम् भूमिका रहेको हुन्छ । अबको नैतिकतालाई मानिससँग मात्रै जोडेर हेर्नु उचित हुँदैन । अब त प्रकृतिप्रेमी हुन जरुरी छ । समस्त प्रकृतिलाई बचाउन सके मात्रै हामी विकास गर्न सक्छौं र यो धर्तीमा रहन सक्छौं भन्ने कुराको नैतिकता हामीभित्र बोध हुन जरुरी छ । किनभने समाजलाई परिवर्तन गर्ने सशक्त माध्यम शिक्षा नै हो । शिक्षाले संस्कार, मूल्य–मान्यता र विभिन्न खालका सीप सिकाउने भएकोले समाजमा मिलेर बस्ने तथा सहकार्य गर्ने सीप विकासमा पनि शिक्षाको अहम् भूमिका हुनुपर्छ । संस्कृति हस्तान्तरण, परिमार्जन र विकास गर्ने कार्यमा पनि शिक्षाले आवश्यक सहयोग गर्छ ।

शिक्षाले व्यक्तिको व्यवहार, आनीबानी, संस्कार र समग्र गतिविधिलाई समाजसापेक्ष र समयसापेक्ष बनाउन आवश्यक मार्ग निर्देशन गर्छ । व्यक्तिमा नागरिक चेतनाको विकास गराउने तथा चरित्रवान् एवं राष्ट्रका लागि समर्पित, उत्तरदायी तथा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत, चरित्रवान् नागरिक निर्माण गरी सामाजिक सद्भाव विकासमा पनि शिक्षा सहयोगी हुन्छ । शिक्षाले कर्तव्यनिष्ठ, सहयोग एवं मेलमिलापको भावनाको विकास गर्ने परिपाटी बसाल्ने भएकोले शिक्षा सामाजिक तथा सांस्कृतिक विकासमा महत्त्वपूर्ण मानिन्छ ।

संस्कारयुक्त जीवन पद्धतिलाई संस्कृति भनिन्छ । अर्को शब्दमा व्यक्ति समाजमा रहँदा–बस्दा अँगाल्ने चालचलन, रहनसहन र जीवनशैलीलाई संस्कृति भनिन्छ । संस्कृतिको आधारमा व्यक्तिले गर्ने समग्र व्यवहार भने सामाजिक विकास हो । शिक्षाले देशमा विद्यमान संस्कृतिका राम्रा एवं ग्रहणयोग्य पक्षको जगेर्ना गर्दै अगाडि बढ्नुपर्छ । तर हाम्रो शिक्षाले त्यसो गरेको देखिंदैन । अझै पनि हाम्रो विद्यालयमा कलिला बालबालिकाको मस्तिष्कमा सरस्वतीपूजा गरेपछि विद्या पाइन्छ भन्ने अवधारणा जबरजस्ती राख्ने गरेको देखिन्छ । परम्परागतरूपमा समाजले आर्जन गरेको मूल्य–मान्यता, विश्वास एवं विचार र आदर्शको संरक्षण गर्दै समाजमा देखिएका विकृति, विसङ्गति एवं अन्धविश्वास हटाउन शिक्षाले सहयोग पुऱ्याउनुपर्छ । संस्कृति देशको पहिचान र गौरव गाथा पनि भएकोले यस्तो अमूल्य निधिलाई जोगाउँदै आफ्नो पहिचान चिरस्थायी बनाउन शिक्षा सहयोगी हुनुपर्छ । हिजोको दिनमा संस्कृतिको अभिन्न अङ्गको रूपमा धर्म जोडिएर आए पनि आज विज्ञानको आलोकमा संस्कृतिबाट धर्मलाई अलग गर्न सकेनौं भने हामी नैतिकवान् र सुसंस्कृत हुन सक्दैनौं भन्ने कुरा अहिलेको पुस्तालाई बुझाउन जरुरी छ ।

के अहिलेको शिक्षा प्रणालीले यस्ता पक्ष समेट्न सकेको छ ? यस सम्बन्धमा शिक्षा सरोकारवालाहरू गम्भीर हुन जरुरी छ । प्रत्येक समुदायको आफ्नै चालचलन र परम्परा हुन्छ । शिक्षाले परम्परागत संस्कृतिको संरक्षण गर्न सकेन भने समाजको मौलिकता हराएर जान्छ र मानवीय मूल्य सङ्कटमा पर्छ । खासगरी शिक्षाको सांस्कृतिक कार्यले संस्कृतिको संरक्षण, संस्कृतिको हस्तान्तरण र नयाँ संस्कृतिको निर्माणलाई प्राथमिकता दिनुपर्छ ।

संस्कृति पुर्खाहरूले आर्जेको सम्पत्ति भए तापनि यसले समाजमा विद्रोह ल्याउनुहुँदैन । कतिपय हाम्रा मूल्य–मान्यता एवं संस्कारहरूले हामीबीच फुट र अविश्वास पैदा गर्ने मात्र होइन आपसी वैमनस्यता पनि सिर्जना गर्ने गर्छ । यस्ता कुसंस्कृति हटाउनमा पनि शिक्षाको अहम् भूमिका रहेको हुन्छ । नेपालको सन्दर्भमा भन्दा नेपाल एक बहुजाति, बहुभाषी एवं धर्मनिरपेक्ष राष्ट्र भएकोले यहाँको संस्कृतिमा विविधता पाइन्छ । यहाँ १२५ जातजाति र १३१ भन्दा बढी भाषाभाषी भएको कुरा अध्ययन अनुसन्धानबाट पुष्टि भएको छ । यसरी विविध भाषाभाषी, संस्कृति एवं परम्परालई निर्बाधरूपमा अगाडि बढ्ने अवसर प्रदान गर्दै धार्मिक एवं सांस्कृतिक सहिष्णुता कायम राख्न शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ । तर त्यसो नगरीकन सनातनको नाउँमा हिन्दूहरूको संस्कृति सबै जातजातिमाथि जबरजस्ती थोपर्ने काम गरेर वास्तवमा हाम्रो शिक्षालाई तहसनहस गर्न, अन्य सबै भाषाभाषीको संस्कृतिलाई मार्न दलाल पूँजीवादी व्यवस्था सुनियोजित योजना बनाएर लागिपरेको कुरालाई हामीले बुझ्न उत्तिकै जरुरी छ । तर यसको लागि हामीले लागू गर्ने शिक्षा प्रणाली पनि हाम्रै मौलिक परिवेशसापेक्ष हुन आवश्यक हुन्छ । सबैको अस्तित्व र आत्मसम्मानलाई सम्बोधन गर्न सक्ने शिक्षाबाट मात्र सामाजिक सद्भावको विकास हुन सक्छ । नेपाली सांस्कृतिक विविधताको समुचित पहिचान गरी

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# भगवान् बुद्ध कहाँ-कहाँ पुगेका थिए ?

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

भगवान् बुद्धको जीवनका दुई पक्ष छन् । प्रथम सिद्धार्थ गौतमको रूपमा र दोस्रो बुद्धको रूपमा । सिद्धार्थ गौतमको रूपमा ज्ञान प्राप्त नगरेसम्मको जीवनको अवस्थालाई लिइन्छ र गौतमले जब बोधिसत्त्व प्राप्त गरेर सम्बोधी बने अर्थात् जब बुद्धत्व प्राप्त गरे, तब उनलाई दुनियाँले भगवान् बुद्धको नामले चिनेका छन् ।

सिद्धार्थ गौतम राजकुमार थिए । उनी तपस्वीको भेष धारण गरी राज्यलाई त्याग गरेका भएपनि जबसम्म उनले बुद्धत्व प्राप्त गरेनन्, तबसम्म जहाँ जाँदा पनि उनलाई उनको यस परिचयले छोडेन कि उनी कपिलवस्तुका राजपुत्र हुन्, राजकुमार हुन् । कठिन तपस्यामा रहँदा पनि उनको परिचय तपस्वीका



साथसाथै महाराज सुद्धोधनका पुत्रका रूपमा रहिरहयो तर जब बुद्धत्व प्राप्त भयो, तब उनको परिचय दुनियाँको नजरमा पनि बदलियो । यसको मुख्य कारण स्वयम् परिचयको मुहान बन्न पुग्नु हो । बुद्ध आफैंमा एक परिचयको रूपमा स्थापित भइसक्नु हो ।

जब सिद्धार्थ गौतम थिए, राजकुमार थिए, तब उनको जीवनको मुख्य धारा कपिलवस्तु र आसपासमा मात्र प्रभावित भइरहेको देखिन्छ । उनी कपिलवस्तुको पहाड, जङ्गल र मामाघरसम्म विचरण त गर्थ्ये तर उनको विचरण कतिसम्म नियन्त्रित थियो भन्ने कुरा यसबाट बुझ्न सकिन्छ कि उनको अगाडि कोही रोगी पर्नुहुँदैनथ्यो, कोही मरेको मानिस आउनुहुँदैनथ्यो, कोही बूढो मानिस आउनुहुँदैनथ्यो । भन्नुको तात्पर्य उनी अत्यन्त नियन्त्रित वा सीमित सीमामा मात्र भ्रमण गर्न पाउँथे । एक राजकुमारको हैसियतमा पनि केही सीमाहरू थिए र कौडिन्य तथा असितमुनिले सिद्धार्थ गौतमको बारेमा जे भविष्यवाणी गरेका थिए, त्यसको डरले पनि राजामा एउटा सीमाको निर्धारण गरेको थियो, जुन सिद्धार्थ गौतममा लागू भएको थियो । स्वतन्त्रतापूर्वक आफ्नो नगरमा पनि विचरण गर्न सिद्धार्थलाई अप्ठयारो थियो ।

जब सिद्धार्थले गृहत्याग गरे, तब उनी स्वतन्त्र भए । घुमफिरका लागि स्वतन्त्रता पनि उनी सँगसँगै प्राप्त गरे । अनि उनी मूलतः तप, ध्यान, योगतिर बढी केन्द्रित भए । विभिन्न साधु, तपस्वी तथा योगीहरूका बीचमा पुगे । तिनीहरूबाट ज्ञानको आर्जन गरे । उनी जोसित ज्ञानको अपेक्षा गरेर सिक्न चाहन्थे, त्यहाँ केही समय वा महीना बसेर तिनका सिद्धार्थले त्यहाँबाट प्राप्त हुने सम्पूर्ण ज्ञान हासिल गर्न सफल हुन्थे । उनको प्रतिभा देखेर सबै चकित हुन्थे । धेरै गुरुले त सोझै सिद्धार्थलाई आफ्नो उत्तराधिकारी बनाउन पनि प्रस्ताव गरेका थिए तर सिद्धार्थले भने आफ्नो उद्देश्य परम सत्यको खोजी भएको बताउँथे । अधिकांश गुरुले केवल मोक्ष वा मुक्तिको बाटो बताउँथे । मुक्ति वा मोक्ष केवल आफ्नो मात्र हुन्थ्यो । सिद्धार्थ यसमा पनि स्वार्थ देख्थे । राजाको छोरा राज्यत्याग गरेर आफ्नो स्वार्थको लागि निस्केको होइन, आफ्नो मुक्ति चाहनु वा मुक्तिको बाटो केवल आफ्नोलागि बताउनु पनि स्वार्थ हो भन्ने ठान्थे । सिद्धार्थमा अत्यन्त उच्चकोटिको वैराग्य थियो । यस उच्चकोटिको वैराग्यको अगाडि योग, तप, साधना, ध्यानमा राग भएका गुरुहरू सिद्धार्थको लक्ष्य र साधना देखेर अचम्भित हुन्थे । उनीप्रति अनुरक्त हुन्थे पनि । सिद्धार्थको चाहना निकै फरक थियो । यसै चाहनालाई शान्त पार्न गुरुको आश्रमको खोजीमा उनी धेरै ठाउँमा पुगे । प्रायः ती ठाउँहरू अहिलेको राजगीर, वैशाली र केही अन्य स्थानहरू हुन् । ज्ञानको भोक यति तीव्र थियो कि निर्जन वन तथा खोलाको बाढीलाई उनले सजिलै एक्लै पार गर्थे । सिद्धार्थले आफ्नो शरीरभन्दा निकै धेरै महत्त्वपूर्ण ज्ञानलाई मानेका थिए । ज्ञानको प्राप्तिपछि जब उनी बुद्ध बने, तब उनले धेरै ठाउँको भ्रमण गरे ।

आज बौद्ध धर्म विश्वमा परिचित भएको छ । विश्वका धेरै देशमा राजधर्मको रूपमा बौद्ध धर्म स्थापित भएका छन् । यसबाट यो सिद्ध हुन आउँछ कि बुद्धको विचारलाई विश्वका धेरै मानिसले मान्ने गर्छन् । जुन देश बौद्ध धार्मिक देश हुन्, त्यहाँ बुद्ध पुगेका थिए । सम्भवतः सबै बौद्ध धार्मिक देशमा बुद्ध पुग्न सकेका थिएनन् । बौद्ध धार्मिक देशमा सशरीर बुद्ध नपुगेका भएपनि बुद्धको विचारले भने व्यापकता पाइसकेको यथार्थ हो । अनि मनमा प्रश्न उठ्छ कि बुद्धको भ्रमण कहाँ-कहाँ भएको थियो ? यसको जवाफ सजिलो त छैन तर केही बौद्ध धार्मिक ग्रन्थ तथा बुद्धको जीवनीसँग सम्बन्धित ग्रन्थहरूमा भने बुद्ध निकै कम ठाउँमा भ्रमण गरेको उल्लेख पाइन्छ ।

'भगवान् बुद्ध र उहाँको धर्म' डा भीमराव रामजी अम्बेडकरद्वारा अनुसन्धान गरिएको पुस्तकको नेपाली अनुवाद हो । यस कृतिलाई दायक सभा, धर्मशीला बुद्ध विहार, पोखराले प्रकाशन गरेको छ । कृतिको अनुवाद ललितरत्न शाक्यले गरेका छन् । यस कृतिको एक ठाउँमा बुद्धले कहाँ-कहाँको भ्रमण गरेका थिए त ? भन्ने प्रश्नको खोजी गरिएको छ । यस पुस्तकको पृष्ठ ४४९ र ४५० मा भगवान् बुद्धका भ्रमणस्थलहरूका बारेमा चर्चा गरिएको छ । भगवान् बुद्धले जब आफूलाई तथागत घोषणा गरे वा आफ्नो उपनाम तथागत राखे, तब उनलाई तथागत पनि भन्न थालियो । यद्यपि बुद्धको रूपमा उनी बढी सर्वसाधारणमा परिचित थिए र छन् पनि । 'धर्म प्रचारको केन्द्र' र 'तथागतले यात्रा गर्नुभएका ठाउँहरू' उपशीर्षकमा उनका यात्रास्थलहरूको सामान्य परिचय दिइएको छ ।

तथागत बुद्धलाई निकै मनपर्ने ठाउँमा श्रावस्ती, राजगृह र वैशाली मानिन्छन् । तथागत बुद्धले धर्म प्रचारको क्रममा, उपदेश दिने क्रममा तथा सर्वसाधारणलाई भेट्ने क्रममा सबैभन्दा बढी बसेको ठाउँ श्रावस्ती हो । श्रावस्ती उत्तर प्रदेशको एक जिल्ला हो । तत्कालीन कौशल राज्यको दोस्रो राजधानीको रूपमा रहेको श्रावस्तीको जेतवनमा बनाइएको विहारमा उनी बस्थे । जेतवनको कथा पनि निकै मार्मिक छ । किन वा कसरी त्यहाँ बौद्ध विहार बन्न पुग्यो ? कुनै एक दिन यस विषयमा पनि छलफल गरौंला । त्यसो त बुद्ध धर्मोपदेशको काममा निरन्तर घुमिरहन्थे । उनी पैदलै हिंड्थे । कुनै सवारीसाधन यहाँसम्म कि कुनै बयलगाडाको उपयोग पनि गर्दैनथे ।

के उल्लेख पाइन्छ भने श्रावस्तीमा बुद्ध ७५ पटक पुगेका थिए । जब भिक्षु सङ्घले निर्णय गऱ्यो कि तथागतको वर्षावास श्रावस्तीमा हुन्छ, तबदेखि धेरै वर्षावास श्रावस्तीमैं भयो र अन्य समयमा पनि उपदेश दिने काम श्रावस्तीमा भएको पाइन्छ । श्रावस्तीपछि बुद्धको भ्रमण राजगृह (राजगीर), अहिलेको बिहार प्रान्तमा पर्ने एक तीर्थस्थल, मा २४ पटक भएको पाइन्छ । यसैले यो ठाउँ पनि निकै प्रसिद्ध रहेको छ ।

बुद्ध आफैंले आफूलाई मनपर्ने र प्रिय ठाउँको रूपमा वैशालीलाई पनि भनेका छन् । वैशाली गङ्गाभन्दा उत्तरमा पर्छ । पाटलीपुत्र (पटना)भन्दा करीब उत्तरमा वैशाली त्यस बेला निकै सम्पन्न थियो । धर्मदूत तथागतले वैशालीमा नै नगरवधू अम्बपाली (आम्रपाली)लाई भेटेका थिए । आम्रपाली युवराज सिद्धार्थ गौतमको विवाहमा पनि पुगेकी थिइन् । वैशालीमा सिद्धार्थको रूपमा र बुद्धको रूपमा दुवै अवस्थामा पुगेको पाइन्छ । कपिलवस्तुबाट राजगृह जाँदा-आउँदा बीचैमा पर्ने भएकोले पनि यहाँ पहिले पनि भ्रमण भएको हुनुपर्छ । यद्यपि तथागत बुद्ध भने छपटक वैशाली पुगेको उल्लेख पाइन्छ ।

धेरैलाई मनमा खुल्दुली हुन सक्छ कि बुद्ध कपिलवस्तु कतिपटक पुगे ? कपिलवस्तु त सिद्धार्थ गौतमको जन्मस्थल हो । जन्मस्थलसित कसलाई प्रेम हुँदैन र ? कतिपयले भगवान् बुद्ध केवल एकपटक मात्र कपिलवस्तु पुगेको बताउने गरेका छन् । उक्त कृतिमा कपिलवस्तु छपटक पुगेको उल्लेख पाइन्छ । यसैगरी, कम्मासदम्म भन्ने ठाउँमा बुद्ध चारपटक पुगेका छन् ।

बुद्धले भ्रमण गरेका ठाउँमा उकट्ठा, नादिका, साला, अस्सपुर, घोषिताराम, नालन्दा, आपण, एलु, ओपसाद, इछानङ्गल, चन्डाल-कप्प, कुसीनारा, देवदह, पावा, अम्बसनडा, सेतव्या, अनुपिया, उजुन्जा, भन्डग्राम, हट्ठीनगर, भोगनगर आदि पर्छन् । भगवान् बुद्ध काठमाडौं, श्रीलङ्का तथा केही अन्य देशमा पुगेको पनि कतैकतै उल्लेख पाइन्छ तर दायकसभाद्वारा प्रकाशित उपर्युक्त कृति तथा राजन बस्नेत र सुमन्तराज न्यौपानेद्वारा लिखित 'बुद्ध र लुम्बिनी' भन्ने कृति, जुन कफी कम्पनी, रूपन्देही, नेपालका पशुपति घिमिरेद्वारा प्रकाशित हो, मा पनि अन्य देशमा बुद्धको भ्रमणबारे उल्लेख गरिएको पाइँदैन । पुनश्चः भगवान् बुद्धले भ्रमण गरेका ठाउँहरू यत्ति नै हुन् भनी यकीनका साथ भन्न सकिन्न । अन्य

(बाँकी चौथो पातामा)

# रेडियोको इतिहास र वर्तमान

सरोकार




राजेश मिश्र

rajesh560107@gmail.com

"का करतारी रे छौडा, रेडियावा के ? केतना बढीया बाजत रल त बिगाड देलख इ त र ना मनबे का रे ? काहे लबर लबर कइले बाडी ?" भन्दै बारीमा काम गरिरहेका वयस्कले बच्चामाथि कराए । उनी रेडियोमा गीत सुन्दै बारीमा काम गरिरहेका थिए । उनको छोरा रेडियोनजीक आएर छेडछाड गरिरहेको थियो । यसले रेडियोका दुई/तीन वटा च्यानलका मिश्रित शब्द ध्वनिले गीत सफा सुनिरहेको थिएन । उताबाट जति कराए पनि बच्चा मानिरहेको थिएन । अन्ततः ती वयस्क बच्चातर्फ बाघले झम्टेझैं दौडे । बच्चा पनि कम थिएन, चराझैं फुर्र भयो ।

विज्ञानका अनेकौं आविष्कारहरूमध्ये रेडियो पनि एक हो । कुनै बेला भारी र ठूलो आकारको रेडियो थियो । हाल परिवर्तित स्वरूप बजारमा उपलब्ध छ । यद्यपि मोबाइलले रेडियो र घडीको बजार सुस्त पारिदिएको छ । मलहरूमा एक छतमुनि अनेकथरीका सामग्री पाएझैं अहिले मोबाइल भइसकेको छ । फोन गर्ने सुविधासहित रेडियो, घडी र सामाजिक सञ्जाल मोबाइलमा उपलब्ध छन् ।



तस्वीर: एआई

रेडियोको आविष्कार भएपछि विकासोन्मुख देशहरूमा प्रवेश हुन दशकौं लाग्यो । नेपालमा रेडियोको आगमनको इतिहास पल्टाउँदा छ/सात दशकअघि भित्रिएको देखिन्छ । त्यसमा पनि शहरका धनाढ्य वर्गका घरमा रेडियोको प्रवेश भयो । यद्यपि ग्रामीण क्षेत्र र सामान्यजनको पहुँचमा रेडियो चार/पाँच दशकअघि मात्र आएको पुरनियाहरू बताउँछन् ।

अहिले हामी केवल महसूस गर्न सक्छौं कि आफ्नै परिवारको जुन पुस्ताले पहिलोपटक रेडियोको दर्शन र स्पर्श गरेको थियो, उनीहरूका लागि त्यो क्षण कति अभूतपूर्व र आश्चर्यजनक थियो होला ? ग्रामीण क्षेत्रका नगन्य तथा सुसम्पन्न मानिसको घरमा जब रेडियो भित्रिएको थियो, त्यसताका रेडियोको दर्शन र स्पन्दन गर्न आउने सामान्यजनको घुइँचो लाग्थ्यो रे । उहिले रेडियोको साक्षात् दर्शन गर्न पाउनु भाग्यको कुरो मानिन्थ्यो । आज मोबाइलमा रेडियो बजाउने पुस्तालाई पुरनियाहरूले महसूस गरेको त्यो क्षण अपत्यारिलो लाग्न सक्छ ।

त्यसताका लोकजीवनमा रेडियो कति महत्त्वपूर्ण संसाधन थियो भन्ने कुरा उहिलेका पुस्तालाई मात्र थाहा होला । कुनै गाउँमा कसैले रेडियो सेट खरीद गरेर ल्याएमा त्यस क्षेत्रमा चर्चाको विषय बन्थ्यो । हेर्न/सुन्न मानिसहरूको भीड लाग्थ्यो । अनि रेडियोबाट प्रसारण हुने कार्यक्रमभन्दा बढी मानवीय स्वर कसरी र कहाँबाट आइरहेको छ भन्ने सोचेर मानिसहरू चकित हुन्थे । प्रत्यक्षरूपमा रेडियो देखेको, सुनेको र स्पर्श गरेको व्यक्तिले आफूलाई भाग्यमानी ठान्ने अवस्था थियो ।

रेडियो प्रायःजसो घरका भित्ता वा 'ओसारा' (बरन्डा) मा झुन्डिरहन्थ्यो । त्यसताका रेडियोबाट मनोरञ्जन प्राप्त गर्नु सस्तो थिएन । हरेक १५-२० दिनपछि ब्याट्री परिवर्तन गर्नुपर्थ्यो । कतिपयले ब्याट्री नगलेसम्म प्रयोग गर्ने गर्थे ।

रेडियोको आकार भलै सानो थियो, तर त्यसबाट निस्कने आवाज श्रोताहरूका लागि अनौठो विषय थियो, जुन आश्चर्यको आकार आज कल्पना गरेर साध्य छैन । मानिसहरूले टाढाका शहर काठमाडौं र श्रीलङ्काबाट आवाज यहाँसम्म कसरी पुगिरहेको छ भन्ने कुरा त्यस बेला कौतुहलताको विषय थियो । पाँच-सात फिट पर बजिरहेको रेडियोनजीकै खुर्र्र कुदेर मानिसहरू यसरी जान्थे, मानौं आवाज कानले होइन, सिङ्गो शरीरले सुन्ने हो । लाग्थ्यो, रेडियो सुन्नु, त्यहाँबाट प्रसारित हुने ध्वनिको आनन्द लिनु मात्रै होइन, त्यो यन्त्रलाई प्रेमपूर्वक सुमसुम्याउनु पनि हो ।

अभिभावकले भन्दा रेडियोबाट प्रसारित सन्देश बढी टेर्ने बालपन थियो । मानौं रेडियोभित्रबाट व्यक्तिको हैन, अर्कै लोकबाट र मान्नैपर्ने सन्देश देवताले प्रवाहित गरिरहेका हुन् । मानिसहरूले बडो उत्कण्ठित मुद्रामा रेडियोबाट प्रसारित कार्यक्रमको आनन्द लिन्थे ।

आज रेडियोहरूले प्रत्यक्ष प्रसारण गर्छन् । फोनमार्फत श्रोताहरू पनि सहभागी हुन्छन् । गीतको फर्माइश गर्न सकिरहेका छन् । तर विगतमा यस्तो सुविधा थिएन । गीतको फर्माइश पोस्ट कार्डमार्फत सम्प्रेषण गर्नुपर्थ्यो । ती पोस्ट कार्डहरू हुलाकमा पाइन्थ्यो । कतिजनाले प्रत्येक दिन पोस्ट कार्ड सम्प्रेषण गर्थे । १०-२० वटा पोस्ट कार्ड पठाउँदा एक/दुई पटक नाम बोल्थ्यो । त्यो नै अति खुशी र गर्वको विषय थियो । रेडियो स्टेशन कस्तो हुन्छ, त्यहाँभित्र मानिसले कसरी बोल्छन्, बोल्ने मानिस कस्ता हुन्छन्, बोलेको कुरा रेडियोमा कसरी बज्छ, यावत जिज्ञासा मानिसहरूको मनमा उत्पन्न हुन्थ्यो ।

**रेडियो सिलोन**

रेडियो सिलोन श्रीलङ्का (पहिले सिलोन)मा स्थापित भएको थियो । इतिहास अनुसार यो एशिया महादेशको पहिलो रेडियो स्टेशन थियो । बिनाका गीतमाला हिन्दी सिनेमाका फिल्मी गीतहरूको साप्ताहिक काउन्टडाउन कार्यक्रम थियो । यो कार्यक्रम अमिन सयानीले चलाउँथे । उनको स्वर र कार्यक्रम श्रोताहरूमाझ असाध्यै लोकप्रिय थियो । त्यस कार्यक्रमका लाखौं श्रोता थिए ।

बिनाका गीतमाला सन् १९५२ देखि १९८८ सम्म रेडियो सिलोनबाट प्रसारण भएको थियो । पछि सन् १९८९ मा अल इन्डिया रेडियो नेटवर्कको विविध भारती सेवामा सारियो, जहाँ यो १९९४ सम्म चलेको थियो । यो हिन्दी फिल्मी गीतहरूको पहिलो रेडियो काउन्टडाउन शो भारतमा सबैभन्दा बढी लोकप्रिय रेडियो कार्यक्रमको रूपमा उद्धृत गरिएको थियो । बिनाका गीतमालापछि सिबाका सङ्गीतमाला १९५४ देखि १९९४ सम्म रेडियो सिलोन र त्यसपछि विविध भारतीमा प्रसारण भएका थिए ।

**रेडियो नेपाल**

रेडियो नेपाल विसं २००३ मङ्सिरमा पाँच वाटको शक्तिबाट आरम्भ भयो । यो प्रसारण सात/आठ महीनासम्म मात्र सीमित रही बन्द भयो । दिउँसो १:३० देखि ३ बजेसम्म प्रसारण हुन्थ्यो । पद्म शम्शेरलाई देश निकाला गरेसँगै मोहन शम्शेर गद्दीमा आएपछि रेडियो बन्द हुन पुग्यो ।

जहानियाँ राणाशासनको अन्त्य गर्ने उद्देश्यले २००६ सालमा विराटनगरमा एक आकाशवाणी केन्द्रको स्थापना गरिएको थियो । २००७ मङ्सिर २८ गते बिहान ८:३० बजे एकाएक एउटा प्रसारण सुनियो- "यो नेपाल प्रजातन्त्र रेडियो हो । हामी विराटनगर मुक्तिमोर्चाबाट बोलिरहेका छौं ।"

रघुपति जुटमिलको एउटा कोठामा आकाशवाणी सेट राखेर ४१ मिटर ब्यान्ड सर्टवेबमा कार्यक्रम प्रसारण गरिएको थियो । यसको प्रसारण काठमाडौं, दार्जिलिङ, कोलकाता, गोरखपुर र बनारससम्म सुन्न सकिन्थ्यो । यी स्थानहरू २००७ सालको राणाविरोधी सङ्घर्ष सञ्चालनका प्रमुख केन्द्र थिए । सशस्त्र सङ्घर्षका समाचार प्रसारण गर्न यो रेडियो केन्द्र अत्यन्त उपयोगी माध्यम साबित भएको थियो ।

२००७ सालको क्रान्ति समाप्त भएपछि उक्त रेडियो केन्द्रलाई विराटनगरबाट काठमाडौंको सिंहदरबारमा सारेर रेडियो नेपालको नामबाट २००७ चैत २० गतेबाट प्रसारण शुरू गरियो । प्रारम्भिक अवस्थामा २५० वाटको ट्रान्समिटरबाट दैनिक चार घण्टा प्रसारण हुँदै आएको रेडियो विसं २०१७ सालमा प्रसारण अवधि बढेर दैनिक पाँच घण्टा पुगेको थियो । विसं २०२५ सालमा दिनमा १२ घण्टा प्रसारण समय बढाइयो भने विसं २०४१ सालबाट दैनिक साढे १३ घण्टा प्रसारण हुन थालेको थियो । रेडियो नेपालको २४सैं घण्टा प्रसारण विसं २०७३ भदौ १ देखि हुन थालेको हो ।

**प्रचलित रेडियो सेटहरू**

सन्तोष, पानासोनिक र फिलिप्स कप्पनीका रेडियो प्रचलित थिए । जसमध्ये सबैभन्दा सस्तो सन्तोष रेडियो पर्थ्यो । यस कारण गाउँघरमा प्रायःजसो सन्तोष रेडियोको जगजगी थियो । तुलनात्मकरूपमा पानासोनिक र फिलिप्स रेडियो महँगो पर्थ्यो ।

**रेडियोको वर्तमान अवस्था**

अहिले कुन शहरमा कति रेडियो स्टेशनहरू छन् भन्ने कुरा शहरवासीलाई नै थाहा नहोला । एफएम (फ्रिक्वेन्सी मोडुलेशन) रेडियो स्टेशन यत्रतत्र सर्वत्र छन् । झन्डै अढाई दशकअघि एफएम रेडियोको स्थापना गर्ने होड थियो । श्रोताहरूमा खुशीको लहर चल्यो । सञ्चारगृहको मेरुदण्ड विज्ञापन हो । रेडियो स्टेशन सीमित भएको बेला राम्रो विज्ञापन पाइन्थ्यो । देखासिकी र जतातती च्याउ उम्रेझैं रडियो स्टेशनहरू उम्रिए । त्यसपछि विज्ञापन विभाजित हुन थाल्यो । विज्ञापनको भरमा चल्ने रेडियोहरू जुन गतिमा उदय भए, त्यसभन्दा तीव्र गतिमा अस्त हुने क्रममा छन् ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

दानका पनि दुईवटा भिन्न अर्थ छन्, यसलाई राम्रोसँग बुझ्न जरुरी छ। पारम्परिक अर्थमा कसैलाई केही दिनुलाई नै दान भनिन्छ। कसैले मन्दिर बनाइरहेका छन्, कसैले धर्मशाला बनाइरहेका छन्, कसैले विद्यालय बनाइरहेका छन्, कसैले अस्पताल बनाइरहेका छन्, कोही अरू सामाजिक कामहरू गरिरहेका छन्। उनीहरूलाई हामी दानी भन्ने गर्छौं। यस्ता व्यक्तिहरूलाई समाजले सम्मानित गर्छ। किनकि यसबाट समाजलाई फाइदा छ। समाजले उनीहरूलाई इज्जत, प्रतिष्ठा दिएर उनीहरूको शोषण गरिरहेको छ। उनीहरूसँग दान लिने अन्य कुनै उपाय पनि छैन। इज्जत, प्रतिष्ठाको लागि मात्र उनीहरू समाजलाई दान दिन तयार हुन्छन्।

ओशोको प्रवचनमा एउटा कथा आउँछ। कुनै ठाउँमा एउटा मन्दिरको निर्माण भइरहेको थियो। त्यहाँ धेरै मजदूर काम गरिरहेका थिए। एकजना मानिस त्यहाँबाट कतै गइरहेको थियो। उत्सुकतावश उसले त्यहाँ काम गरिरहेको एकजना मजदूरलाई सोध्यो। यहाँ के निर्माण हुँदैछ? मजदूरले भन्यो– यहाँ मन्दिर निर्माण हुँदैछ। त्यो बटोहीले फेरि सोध्यो– यो मन्दिर भगवान् श्रीराम, भगवान् श्रीकृष्ण, भगवान् शिव कसको लागि बन्दैछ? यो प्रश्नको जवाफ त्यो मजदूरले दिएन। तर उसले भन्यो– महाशय, हजुर मेरो पछिपछि आउनोस्। कसको लागि मन्दिर बनिरहेको छ म देखाइदिन्छु। बटोही उसको पछिपछि गयो। मजदूरले उसलाई अलि पर राखिएको एक सङ्गमरमरको ढुङ्गामा लेखिएका केही अक्षरहरू पढ्नलाई भन्यो। त्यो सङ्गमरमरको ढुङ्गामा स्वर्ण अक्षरमा लेखिएको थियो– फलाना ठाउँ बस्ने, फलानाको नाति, फलानाको छोरा, महादानी श्री फलानाजीबाट प्राप्त रकमबाट यो मन्दिरको निर्माण भएको हो। मजदूरले भन्यो– यही अक्षर कुदिएको सङ्गमरमरको ढुङ्गा लगाउनको लागि यो पूरै मन्दिरको निर्माण भइरहेको छ। मुख्य चीज यही हो, जसमा दानीको प्रशंसा लेखिएको छ। यसैको लागि बाँकी मन्दिरको भवन बन्नेछ। त्यस मन्दिरमा भगवान् पनि प्रतिष्ठित गरिनेछन्, यिनको पूजा पनि हुनेछ। तर ईश्वर या मन्दिर महत्त्वपूर्ण छैन। धेरै मानिसले आफ्नो नामको लागि दान गर्ने गर्छन्।

एउटा अर्को खालको पनि दान छ। यसमा मसँग धेरै छ, उसलाई म जरुरतमन्द मानिसहरूको लागि बाँडिदिन्छु भन्ने भाव हुन्छ। यो बाँड्दा उसलाई खुशी हुन्छ, उमङ्ग हुन्छ, उत्साह हुन्छ, आनन्द हुन्छ। उसलाई यो दानको बारेमा अरूले थाहा पाऊन्, मेरो मान, सम्मान, प्रतिष्ठा बढोस्, पत्रिकामा मेरो फोटो छापियोस् भन्ने केही चाहना हुँदैन। यो दान आफूभित्रको आनन्द अरूलाई बाँड्नको लागि हो। ओशो भन्नुहुन्छ– जब तिमीभित्र शान्ति र आनन्दको फूल फुल्छ, तब उसको सुवास चारैतिर फैलिन्छ। यो सुवास फूलको दान हो। उसले इज्जत हुन्छ, प्रतिष्ठा हुन्छ भनेर यो दान दिएको हैन। यो दान अर्को दानभन्दा बिल्कुल भिन्न छ। यो सहजरूपमा गरिएको स्वाभाविक दान हो।

फूलले सुगन्धको दान दिएको छ। कुवाले पानी दान गरेको छ। नदीले पानी दान गरेको छ। रूखले फल दान गरेको छ। न फूललाई थाहा छ, मैले सुगन्ध दान गरेको छु। न कुवालाईँ थाहा छ, मैले पानी दान गरेको छु। न नदीलाई थाहा छ, मैले पानी दान गरेको छु। न रूखलाई थाहा छ, मैले फल दान गरेको छु। यो बिल्कुल सहज छ कि रूखमा फल लाग्छ, मानिसले तथा पशुपक्षीले खान्छन्। त्यस्तै, सहजरूपले नदीमा पानी बगिरहेको छ, जसलाई प्यास लाग्छ, उसले पानी पिउँछ। मैले केही गरेको छु भन्ने न नदीलाई थाहा छ, न रूखलाई थाहा छ, सबै कुरा सहजरूपले भइरहेको छ।

तपस्या तथा दानलाई ओशोले सहजतासँग जोड्नुभएको छ। पौराणिक ग्रन्थमा पनि गुप्त दानको धेरै महत्त्व दर्शाइएको छ। जुन दानमा दिने मानिस को हो भन्ने थाहा हुँदैन, त्यस्तो दानलाई गुप्त दान भन्ने गरिन्छ। लिने मान्छेले दान प्राप्त गरोस् तर दिने मान्छे को हो भन्ने थाहा नहोस्।

तर जस्तो प्रकारले सेवा शोषणको साधन बनेको छ, त्यस्तै प्रकारले दान पनि शोषणको साधन बनेको छ। पण्डितहरूले, पुरोहितहरूले, पादरीहरूले दानको खूब महिमा गाएका छन्। अहङ्कारीहरूलाई फकाएर फाइदा लुट्न उनीहरू सधैं यसमा लागिरहन्छन्। दान दिनेहरूलाई स्वर्ग प्राप्त हुन्छ भनेर उनीहरू भन्छन्। उनीहरूले ठाउँठाउँमा दान नै धर्म हो भनेर बोर्ड नै झुन्याएका छन्। यदि दान गर्नु पुण्य हो भने यसभन्दा पहिले पाप गर्नु अनिवार्य छ। यो कुरा सायद मानिसहरूले सोचेका छैनन् होला, यदि कुनै पुण्य गर्नुभन्दा पहिले पाप गर्नु अनिवार्य छ भने त्यो पुण्यलाई पुण्य भन्न सकिएला? यदि कुनै मानिसले धन दान गरिरहेको छ भने यो धन कहाँबाट आयो? के त्यो मानिसले जन्मिंदा आफूसँग केही लिएर आएको थियो? जन्मिंदा त ऊ नाङ्गै जन्मिएको थियो। त्यो बेला त उससँग एक पैसा पनि साथमा थिएन। न उससँग लगाउने कुनै कपडा थियो। सबै चीज उसले यसै संसारमा आएर कमाएको हो। यो संसारमा धनसङ्ग्रह त शोषणको माध्यमबाट मात्र हुन सक्छ।

जसलाई हामी महादानी भनिरहेका छौं, जसले लाखौं, करोडौं रुपैयाँ दान गरेका छन्, पहिले हामी उनीहरूसँग सोधौं कि यो धन उनीहरूसँग कहाँबाट आयो? यही संसारको शोषण गरेर त उनीहरूले धन कमाए होलान् अनि दान गरे होलान्। उनीहरूले यसै पैसाबाट आफ्नोलागि सुखसुविधाका सामान खरीद गरे अनि यसै पैसाबाट उनीहरूले धर्म पनि खरीद गरे। मठमन्दिर बनाएर आफ्नोलागि स्वर्गको टिकट पनि बूक गराए। यसको मतलब स्वर्ग पनि बिकाउ छ। स्वर्गमा केवल धनी मानिस मात्र जान सक्छ, किनकि धनी मानिसले मात्र दान दिन सक्छ। दान नगरीकन स्वर्ग जान सकिंदैन। गरीबसँग दान गर्ने पैसा नै हुँदैन। गरीब स्वर्ग पनि जान सक्दैन। यदि दान नै धर्म हो भने केवल धनी मानिसले मात्र धर्म गर्न सक्छ। धनी मात्र धर्मात्मा हुन सक्छ। किनकि उसले नै छोड्न सक्छ, उसले नै त्याग गर्न सक्छ, दान दिन सक्छ। यस प्रकारको त्याग या दान, वास्तविक दान भने होइन।

क्रमश:

# साइकोफार्माकोलोजी वा मनोभेषज विज्ञान

वाटिका

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**प्राचीनकालमा मानसिक रोगको उपचारको मतलब यतिमात्र थियो कि रोगीलाई कुनै आश्रयस्थल वा अस्पताल पुर्‍याइदिने। उपचारको विधि पनि हास्यास्पद र उटपटचाङ तरीकाको हुन्थ्यो। तर बितेको ५० वर्षमा औषधिको विशाल क्षेत्र मानसिक विकृतिको उपचारमा पनि वैज्ञानिक र आधिकारिक बनेको छ।**

पाठकवृन्द! गताङ्कमैं यो मनोवैज्ञानिक अध्याय बन्द गर्ने निधो गरेको थिएँ किनभने अबको क्रम शैक्षिक बढी र सर्वसाधारणको लागि कम उपयोगी हुन्छ होला। तर पनि लेख्ने निधो गरें किनभने प्रतीक त विद्यार्थीमाझ पनि पुग्छ नै। फेरि सर्वसाधारणलाई पनि अलिकति भएपनि त लाभ हुन्छ नै। त्यसो त प्रत्येक मानसिक डिजार्डरको वर्णनको साथै त्यसको उपचारको पनि विवरण दिंदै आएको छु। तर यस अध्यायमा मानसिक विकृतिका समस्त भेषज शास्त्रको छोटकरीमा वर्णन गरिनेछ।

प्राचीनकालमा मानसिक रोगको उपचारको मतलब यतिमात्र थियो कि रोगीलाई कुनै आश्रयस्थल वा अस्पताल पुर्‍याइदिने। उपचारको विधि पनि हास्यास्पद र उटपटचाङ तरीकाको हुन्थ्यो। तर बितेको ५० वर्षमा औषधिको विशाल क्षेत्र मानसिक विकृतिको उपचारमा पनि वैज्ञानिक र आधिकारिक बनेको छ।

४००० बिसीमा आयुर्वेदमा मानसिक रोगीको उपचार सहानुभूति र दयालुताले गर्ने भनिएको छ। आयुर्वेदमा प्रायः धतुरो र सर्पगन्धाको उचित मात्रालाई घ्यूमा मिलाएर प्रयोग गरिन्थ्यो। सन् १८५३ मा ब्रोमाइडको आविष्कार भयो, जुन एउटा शान्त पार्ने औषधि हो। १८६९ मा क्लोरल हाइड्रेट मेलन्कोलिया र मैनियामा प्रयोग गरियो। १८८२ मा पारल्डिहाइडको सम्मोहनमा प्रयोग भयो। १८८३ मा मिथाइलिन ब्लु बनाउँदा फिनोथायाजोनको आविष्कार हुन पुग्यो। १९०३ मा बार्बिटल र १९१२ मा फिनोबार्बिटल प्रकाशमा आयो। १९१७ मा जुलियस भान विग्नर जौरेगले जेनेरल पारालिसिस अफ इनसेनको उपचार मलेरियाको औषधिले गरेर देखाइदिए र नोबेल पुरस्कार पाए।

सन् १९२२ मा जैकब क्लेसीले बार्बिचुरेटले कोमा गराएर साइकोसिसको उपचार पत्ता लगाए। १९२७ मा मेनफ्रेड सकिलले इन्सुलिन कोमा गराएर सिजोफ्रेनियाको उपचार गरे। १९३१ मा गणेश सेन र कार्तिक बोसले पहिलोपटक रिजर्पिन, जुन सर्पगन्धाबाट प्राप्त हुन्छ, साइकोसिसको उपचारमा सफल प्रयोग गरे तर उनको उपचारले तबसम्म मान्यता पाएन, जबसम्म नाथन क्लिनले १९५८ मा मान्यता दिएनन्। १९३४ मा लेसिजो मडुनाले मेट्राजोलबाट कम्पन गराएर साइकोसिसको उपचार गरे। १९३६ मा इगास मोनिज र अल्मेन्डा लिमाले फ्रोन्टल लोबोटोमी नामक सर्जरीबाट साइकोसिसको उपचार प्रकाशमा ल्याए। १९३७ मा सी ब्रेडलीले बच्चाको बिहेवियर डिजार्डरलाई एम्फेटामिनले निको पारे। १९३८ मा युगो सर्लेटी र लुसियो विनीले साइकोसिसको उपचारको लागि इसिटी अर्थात् बिजुलीको झटका दिने प्रयोग गरे। १९४० मा ट्रेसी पुटनमले फेनिट्वायन सोडियम एन्टिकनभल्सेन्टको रूपमा प्रयोग गरे, जसको प्रयोग आजसम्म छारेरोगमा भइरहेको छ।

१९४३ मा अल्बर्ट हाफमैनले एलएसडी सिन्थेसाइज गरे। १९४९ मा जोन एफ केडीले मैनियाको लागि लिथियम प्रयोग गरे तर आस्ट्रेलियामा नै यसले वैज्ञानिकहरूलाई आकर्षित गर्न सकेन। १९५० मा कार्पेन्टियरले प्रोमिथाजोनभन्दा अझ राम्रो एन्टिहिस्टामिनिकको खोज गरिरहेका थिए तर बन्यो क्लोरप्रोमाजिन, जुन तगडा एन्टिसाइकोटिक औषधि निस्क्यो। १९५० मैं मिथाइलफेनिडेटको पनि आविष्कार भयो, जसको प्रयोग एमबिटी अथवा अत्यल्प ब्रेन डिस्फंक्शनमा प्रयोग हुन्छ। १९५१ मा आइएनएच बन्यो जसले टिबी रोगीको मूड राम्रो बनाइराख्न सहयोगी साबित भयो। पछि १९५८ मा इप्रोनियाजाइड नामको औषधि बन्यो जसले डिप्रेशनमा राम्रो काम गर्‍यो।

१९५२ मा जिन डिले र पियरे डेनिकरको क्लोरप्रोमाजिनको प्रयोगले साइको थेरापीमा क्रान्ति नै ल्याइदियो।




यसको आविष्कारले रोगीलाई अस्पताल भर्ना गर्नुपर्ने आवश्यकता घट्यो। रोगी आउटडोर उपचारले नै ठीक हुन थाले। १९५५ मा मेप्रोबामेट एन्टिएंग्जाइटीको रूपमा आविष्कार भयो। हफलिंगर र स्किन्डलरले १९४० मा नै इमिप्रामिन बनाएका थिए तर १९५८ मा थोमस कुनले यसको प्रयोग पहिलोपटक डिप्रेशनमा गरे। १९५८ मा नै नाथन क्लिनले मोनो एमाइन आक्सिडेज इन्हिबिटर इप्रोनियाजाइडको आविष्कार गरेर डिप्रेशनमा प्रयोग गरे। १९५८ मा नै जानसनले बेल्जियममा हेलोपेरिडोल आविष्कार गरे, जुन सबैभन्दा उपयुक्त एन्टिसाइकोटिक औषधि हो। स्टर्नवेकले १९५७ मा नै क्लोडाइजिपोक्साइड बनाए तर त्यसको एन्टिएंग्जाइटीको रूपमा प्रयोग १९६० देखि भयो। १९६६ मा लेम्बर्टले भाल्प्रोमाइड बनाए, जुन बाइपोलर डिजार्डरको पछिल्लो औषधि हो।

१९६८ मा जेन्सनले सिजोफ्रेनियामा पिमोजाइड प्रयोग गरे। १९६७ मा फिमन्डेज र लोपेज आइबरले अब्सेसिभ डिजार्डरमा क्लोमिप्रामिन प्रयोग गरे। १९७१ मा ताकेजाकी र हनोयाकाले बाइपोलर डिजार्डरमा कार्बामाजिपिन प्रयोग गरे, जुन औषधिलाई १९५३ मा स्किन्डरले बनाएका थिए। १९८६ मा अमेरिकामा ननबेन्जोडाइजिपिन बुसपिरोन प्रकाशमा आयो, जुन आधुनिक एन्टिएंग्जाइटी एजेन्ट हो। १९५९ मा नै क्लोजापिन बनिसकेको थियो। त्यसैलाई १९८८ मा केन एट एलले रिडिस्कभर गरे तर १९९० मा मात्र अमेरिकाको एफडिएले स्वीकृति दियो, जुन सिजोफ्रेनियाको महत्त्वपूर्ण औषधि हो। भारतमा १९९५ मा मात्र यसले प्रवेश पायो।

उपरोक्त सबै औषधिले उच्च मेन्टल क्रियाकलापमा प्रभाव पार्छ र त्यसलाई साइकोट्रोपिक ड्रग भनिन्छ। अब यसको वर्गीकरणतर्फ जाउँ, जुन निम्न अनुसार छन् : १. एन्टिसाइकोटिक २. एन्टिडिप्रेसेन्ट ३. मूड स्टेबलाइजर ४. एन्टिएंग्जाइटी र हिप्नोसिडेटिभ ५. एन्टिएप्लेप्टिक ६. अल्कोहल र ड्रग अफ डिपेन्डेन्सी ७. एन्टिपार्किन्सोनियन र ८. मिसलेनियस वा अन्य।

**एन्टिसाइकोटिक** : यी ती औषधिहरू हुन्, जसको साइकोटिक लक्षणमा प्रयोग गरिन्छ। यिनलाई मेजर ट्रेंक्युलाइजर, न्युरोलेप्टिक, एटारेक्टिक, एन्टिसिजोफ्रेनिक, डी २ रिसेप्टर ब्लोकर नामले पनि जानिन्छ। तर साइकोट्रोपिक सबैभन्दा बढी मान्यताप्राप्त छ। यसको प्रयोग निम्नलिखित डिजार्डरमा गरिन्छ–क. **ननअर्गेनिक साइकोटिक डिजार्डर** : डेलिरियम, डिमेन्सिया, डेलिरियम ट्रिमेन्स औषधिले हुने साइकोटिक डिजार्डर र हालिसिनेशन, डिल्युजन र सेकेन्डरी मैनिया। ख. **आर्गेनिक साइकोटिक डिजार्डर**– सिजोफ्रेनिया, सिजोएफेक्टिभ डिजार्डर, एक्युट साइकोसिस, मेनिया, मेजर डिप्रेशन, डेल्युज्नल डिजार्डर आदि। ग. **चाइल्ड साइकियाट्रिक डिजार्डर** : एटेन्सन डेफिसिट डिजार्डर, इन्फेन्टाइल आटिज्म, अन्य परभेसिभ डिजार्डर, कन्डक्ट डिजार्डर आदि। घ. **न्युरोटिक र अन्य साइकोटिक डिजार्डर** : कडा खाले एंग्जाइटी, रिफ्रेक्टरी अब्सेसिभ कम्पल्सिभ डिजार्डर, एनोरेक्सिया नर्भोसा आदि। च. **मेडिकल डिजार्डर** : हटिंग्टन कोरिया, बारम्बार आउने हिकफ, वाकवाकी र बान्ता, टिक डिजार्डर, एक्लेम्प्सिया, हेडस्ट्रोक, टिटानस, इन्ट्रेक्टेबल प्रुराइटिस, क्यान्सरको कडा दुखाइ, सर्जरी गर्दा बेहोश पार्नुअघि आदि।

**फार्माकोकाइनोटिक** : यसको मतलब हो साइकोट्रोपिक औषधि कसरी आफ्नो काम गर्ने ठाउँमा पुग्छ? जब मुखबाट खाइन्छ, यो आन्द्राबाट त्यति अवशोषित हुँदैन र रगतमा क्रियात्मकस्तरमा करीब साढे एक घण्टामा पुग्छ। तर यसलाई मांसपेशी वा नसाबाट दिइन्छ भने यसको धेरै शक्तिशाली असर प्राप्त हुन्छ र रगतमा मात्र आधा घण्टामैं क्रिया गर्न थाल्छ। यसको हाफलाइफ धेरै लामो हुन्छ र प्रायः दिनमा एकपटक दिए पुग्छ। तर यसको असर आठदेखि १० दिनपछि मात्र देखा पर्छ। औषधि छोड्यो भने पनि धेरै दिनसम्म र कहिलेकाहीं महीनौंसम्म यो शरीरमा रहन्छ। कलेजोले यसलाई ब्रेकडाउन गर्छ र पिसाब तथा पित्तबाट बाहिर निस्कन्छ। रगतमा यसको एउटा खास स्तरलाई थिरेप्युटिक विन्डो भनिन्छ। त्यस स्तरभन्दा कम भयो भने औषधिले काम गर्दैन र बढी भयो भने कि काम गर्दैन वा टोक्सिसिटी गर्छ। एन्टिसाइकोटिकलाई पनि चार प्रकारले बाँडिएको छ : क.**फेनोथियाजोन्स** : जसको पनि एलोफेटिक र पिपरिडिन तथा पिप्राजिन तीन ग्रुप हुन्छ। पहिलोमा क्लोरप्रोमाजिन र ट्राइफ्ल्युप्रोमाजाइड आउँछ। दोस्रोमा थायोरिडाजिन, मिजोरिडाजिन आउँछ। तेस्रोमा ट्राइफ्लुपेराजिन, प्रोकलोरपेराजिन, फ्लुफेनाजिन र फ्लुपेराजिन डेकार्नोएट आउँछ। ख. **थोक्सासिन्थन्स** : यसको एलिफेटिक र पिप्राजिन दुई समूह हुन्छ। पहिलोमा : क्लोरप्रोथेक्सिन र दोस्रोमा थायोथिक्सिन, ज्युक्लोपेन्थिक्सोल, ज्युक्लोपेन्थिक्सोल डेकानोएट नामक औषधि छन्। ग. **ब्युटाइरोफिनोन्स** ग्रुप हो जसमा हेलोपेरिडोल र हेलोपेरिडोल डेकानोएट पर्छन्। घ. यो समूहको नाम हो **डाइफिनाइल ब्युटाइल पिपरिडिन** : जसमा आउँछ पिमोजाइड र पेनफ्लुरिडोल।

**मेकानिज्म अफ एक्शन अथवा काम गर्ने किमिया** : फर्माकोकाइनेटिकको मतलब हुन्छ, औषधि काम गर्ने ठाउँसम्म कसरी पुग्छ र काम गरेपछि कसरी शरीरबाट बाहिर निस्कन्छ। ठाउँमा पुगेर कुन विधिले काम गर्छ, त्यसलाई मेकानिज्म अफ एक्शन भनिन्छ। साइकोट्रोपिक औषधिको हकमा यो मेकानिज्मबारे ठीक–ठीक जानकारी त छैन तर पनि यसले ब्रेनको लिम्बिक र एक्सट्रापिरामिडल सिस्टमको डोपामिन र ५ एचटी रिसेप्टरलाई प्रभावित अवश्य गर्छ। यसको सिडेटिभ एक्शन हिस्टामिन ब्लकेडले हुन्छ र छिटो देखा पर्छ। एन्टिसाइकोटिक औषधि धेरै सुरक्षित औषधि मानिन्छ। तर पनि मुख सुक्खा हुने, हात काम्ने, कब्ज र कहिलेकाहीं नपुंसकता र कम वीर्यपात पनि हुन सक्छ। सुरक्षित हुँदाहुँदै पनि मानसिक रोगी सहयोगी हुँदैनन् र औषधि छाड्छन्। यसले गर्दा रोगले फेरि आक्रमण गर्छ। यस कारण यिनका डिपो डोज पनि बनेको छ, जसलाई मांसपेशीमा दिएपछि महीनौंसम्म काम गरिरहन्छ। क्रमश:

## भगवान् ...

ठाउँहरूको पनि भ्रमण गरेको हुनुपर्छ, जसको उल्लेख गर्न कतिपय लेखक तथा अनुसन्धानकर्मीले नसकेको हुनुपर्छ।

वर्तमानमा बुद्धको मूर्ति अर्थात् भौतिक शरीरको अनुकरण र विचार अर्थात् दर्शन नपुगेको कुनै ठाउँ होला? बुद्धको नाम नपुगेको कुनै कुना नहोला। जहाँ शान्तिको सन्दर्भ आउँछ, त्यहाँ भगवान् बुद्धको नामोच्चारण हुन्छ। जहाँ त्याग, तप र साधनाको विमर्श हुन्छ, त्यहाँ बुद्धको पनि उपस्थिति हुन्छ। यसर्थ भगवान् बुद्ध अनेक दृष्टिकोणमा धेरै ठाउँमा उपस्थित हुन्छन् वा भइरहन्छन्।

कविता

# किरणहरू आऊ

- मुक्तिनाथ अधिकारी

आऊ आऊ उज्याला किरणहरू हो
अँध्यारो देख्नेका विरुद्ध बोल्न आऊ
अँधेरी रातपछिको उज्यालो छर्न आऊ
के छैन मेरो देशमा, के के गरे मेरो देशमा ?

यो अवस्था बदल्न यो परिस्थिति बदल्न
यो अँध्यारो हटाउन यो कुसंस्कार मेटाउन
यो जनताको दु:ख मेटाउन निमुखाको आवाज सुन्न
हाम्रो मातृभूमिभित्र हामी आफैं उभिन आऊ

ए भिजन भएका वैज्ञानिकहरू
कृषकहरू, शिक्षकहरू, इन्जिनीयरहरू,
निमुखाहरू आऊ देशभित्र नेपाल आमा
खोज्ने स्वाभिमानी नेपालीहरू आऊ

जनतालाई जुधाएर धन थुपार्नेलाई सजाय दिन
नेपाल आमाको रगतमा होली खेल्दै रमाउने
लुटी खान पल्किएकासँग आँखा जुधाउन
पाखुरा बजाएर देश बनाउन सकिन्छ भन्दै आऊ

विदेशी भुमरीमा पसिना बगाएको रेमिटचान्स र
विदेशी युवाको श्रमसँग रमाउनेहरूसँग जुध्न आऊ
माटोमा माया रोपेर अन्नको बाला फलाउने
कृषकलाई उब्जनिको स्रोत जुटाउन आऊ

देशमा पसिना पुछेर सगरमाथा जोगाउने
वीर शहीदहरूको सपना साकार पार्न आऊ
सिमानामा रगत बगाएर देश जोगाउनेहरूसँग
आफ्नै देशमा काँधमा काँध थाप्न आऊ

जनताको दु:ख बिर्सेर विदेशी खुशी पार्न
देश बेच्न तयार हुने दलालसँग भिड्न आऊ
स्वदेशी उद्योग बेचेर स्वदेशी संस्कृति बेच्न
पल्केका जुकाहरूलाई फाल्न चट्टान बन्दै आऊ

देशभित्र देश बनाउँछु भन्नेहरू आवाज उठाऊ
जनता उठाऊ नेपाल आमाको शिर उच्च बनाऊ
स्वाभिमानी देशभक्तहरू राष्ट्रको झन्डा उठाऊ
हाम्रो देश हामी जोगाउँछौ भन्दै हिम्मत बोकेर आऊ

अनि जाउँला हामी सगरमाथाको शिखर
अनि लाउँला हामी आफ्नै देशको लुगा
अनि चलाउँला हामी आफ्नै देशमा उद्योग
अनि गाउँला हामी वीरहरूको कृति

अनि चढउँला हामी इलेक्ट्रिकल गाडी
अनि खाउँला हामी आफ्नै बारीको अन्न
अनि बचाउँला हामी आफ्नै संस्कृति
अनि दिनु छ बुद्धको उपदेश शान्ति सन्देश !


अनि अनि अनि ! – निजगढ ८ बारा

# अन्तर्राष्ट्रिय समाचार

## भ्रामक भिडियो फेसबूकमा पोस्ट गर्ने दुई ताइवानीलाई जेलसजाय

नोम पेन, ४ फागुन/एएफपी

कम्बोडियाली समुद्री किनारको एक



पक्राउ परेका दुईजना ताइवानी नागरिक। तस्वीरः एजेन्सी

रिसोर्टबाट नक्कली अपहरणको योजना बनाएको र त्यसको भिडियो फेसबूकको अनलाइनमा पोस्ट गरेको आरोपमा ताइवानका दुईजनालाई दुई/दुई वर्षको जेलसजाय सुनाइएको छ।

प्रिह सिहानोक प्रान्तीय अदालतले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "३१ वर्षीय चेन नेङ-चुआन र ३४ वर्षीय लु सु-सिएनले सिहानोकभिलको एक भवनमा सुरक्षा गार्डले आफूलाई हिरासतमा लिएको र कुटपिट गरेको भिडियो फेसबूकमा पोस्ट गरेपछि पक्राउ गरिएको हो।"

"दुवैजना मानव बेचबिखन, यातनासहित हिरासतमा राख्ने, बलात्कार गर्ने र मानव अङ्ग बेचबिखनसम्बन्धी निन्दनीय भिडियो तयार पार्न कम्बोडिया प्रवेश गरेका देखिएको छ," अदालतले भनेको छ।

अदालतले उनीहरूलाई 'सामाजिक सुरक्षामा खलल पुऱ्याउन उक्साएको' अभियोगमा बिहीवार एक सुनुवाइमा दोषी ठहर गरेको हो।

अदालतले उनीहरूलाई जनही दुई वर्षको जेलसजाय सुनाएको छ र झन्डै दुई हजार अमेरिकी डलर जरिवाना तिर्न आदेश दिएको छ।

प्रान्तीय सरकारले ती व्यक्तिहरूले प्रान्तको इज्जत, सुव्यवस्था र सुरक्षामा असर पार्ने गरी 'फेक कन्टेन्ट'सहितको भिडियो बनाएको बताएको छ।

अधिकांश ताइवानी र अन्य देशका केहीले अनलाइनमार्फत भ्रामक सामग्री सम्प्रेषण गरी मानिसहरूलाई प्रलोभनमा पारेर पीडितहरूसँग ठूलो रकम ठग्ने गरेका पाइएको कम्बोडियाली प्रशासनले जनाएको छ।

ताइवानको केन्द्रीय समाचार संस्था (सिएनए)का अनुसार तीमध्ये एक व्यक्तिले सोमवार राति एक भिडियोको प्रत्यक्ष प्रसारण गरेका थिए।

भिडियोमा उनलाई अदृश्य आक्रमणकारीहरूले लखेटेको र पिटेको देखिन्छ भने दोस्रो भिडियोमा उनी भागेको दाबी गरिएको देखिन्छ।

सिएनएका अनुसार दोस्रो भिडियोमा उनले आफू घाइते भएको र लुटिएको, बाँधेको, पिटेको र स्टन गनले आक्रमण गरेको वर्णन गरेका छन्।

गत अगस्तमा संयुक्त राष्ट्रसङ्घले दक्षिणपूर्वी एशियामा आपराधिक गिरोहहरूले लाखौं मानिसलाई यातनाको धम्की दिएर अनलाइन 'स्क्याम'हरू गर्न बाध्य पारिरहेको चेतावनी दिएको थियो।

संयुक्त राष्ट्रसङ्घले एक रिपोर्टमा भनेको छ, "अनलाइन अपराधमा काम गर्न धेरैलाई तस्करी गरिएको छ र यातना वा यौन हिंसाजस्ता गम्भीर उल्लङ्घनको सामना गर्नुपरेको छ। रासस

## भारतमा चुनावअघि कर विभागद्वारा विपक्षी दलको रकम रोक्का

नयाँ दिल्ली, ४ फागुन/एएफपी

भारतको प्रमुख प्रतिपक्षी दल भारतीय काङ्ग्रेस पार्टीले राष्ट्रिय निर्वाचनको घोषणा हुनुभन्दा केही हप्ताअघि नै कर विभागले आफ्नो बैंक खाता रोक्का गरेको शुक्रवार जनाएको छ। काङ्ग्रेस प्रवक्ता अजय माकनले पत्रकार सम्मेलनमा भने, "हामीलाई हाम्रो दलको खाता रोक्का गरिएको जानकारी दिइएको छ।"

माकनका अनुसार भारतको आयकर विभागले आर्थिक वर्ष २०१८/१९ का लागि आयकर दाखिला गरेको अनुसन्धानको क्रममा दुई अर्ब १० करोड भारु (दुई करोड ५३ लाख अमेरिकी डलर बराबर)को भुक्तानी माग गरेको थियो।

पार्टीले त्यस्तो जरिवाना रकम तिर्न कुनै कदम नचालेको भन्दै चुनावअघि नै पार्टीलाई किनारा लगाउने उद्देश्यले यस्तो कदम चालेको उनले दाबी गरे।

उनले भने, "राष्ट्रिय चुनावको घोषणा हुनुभन्दा दुई हप्ताअघि नै प्रमुख प्रतिपक्षी दलको खाता रोक्का गरिएको छ, के तपाईंलाई लाग्छ कि हाम्रो देशमा लोकतन्त्र जीवित छ ?"

आलोचक र अधिकारवादी समूहहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई लक्षित गर्न कानून प्रवर्तन एजेन्सीहरूको प्रयोग गरेको आरोप लगाएका छन्।

भारतीय राजनीतिमा दशकौंदेखि प्रभुत्व जमाएका काङ्ग्रेस नेता राहुल गाँधीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजूरीपछि आपराधिक मानहानिको अभियोगमा दोषी ठहर गरिएको थियो।

उनको दुई वर्षको जेलसजायले उनलाई उच्च अदालतले फैसला निलम्बन नगरेसम्म केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो। निलम्बनले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रजातान्त्रिक मुलुकको लोकतान्त्रिक मूल्य-मान्यतामाथि प्रश्नचिह्न खडा गरेको थियो। यद्यपि अदालतको विपक्षी नेताको पक्षमा देखिएको फैसलापछि उक्त आरोप स्वतः निस्प्रभावी भएको थियो। रासस

## सुरक्षा सम्झौताका लागि जेलेन्स्की बर्लिन र पेरिस भ्रमणमा

बर्लिन, ४ फागुन/एएफपी

दुई युरोपेली महाशक्तिसँग सुरक्षा सम्झौतामा हस्ताक्षर गर्न युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की शुक्रवार जर्मनीको राजधानी बर्लिन र फ्रान्सको राजधानी पेरिस पुग्ने भएका छन्।

युक्रेनमा जारी युद्ध तेस्रो वर्षमा प्रवेश गर्न लागेको बेला जेलेन्स्कीले म्युनिख सुरक्षा सम्मेलनमा आर्थिक सहयोग र हतियारमा निरन्तर सहयोगका लागि आफ्नो प्रस्ताव पनि प्रस्तुत गर्नेछन्। सम्मेलनमा अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसलगायत नेताहरू भेला हुनेछन्।

जेलेन्स्कीको युरोपेली मुलुकको भ्रमण युक्रेनी सैनिकहरूको लागि एक महत्त्वपूर्ण समयमा आएको छ, जसले गोला-बारुदको कमी र ताजा रूसी आक्रमणका कारण पूर्वी अग्रपङ्क्तिमा बढ्दो कठिन परिस्थितिको सामना गरिरहेका छन्।

सबैभन्दा ठूलो योगदानकर्ता संयुक्त राज्य अमेरिका चुनावी वर्षको दौडानका कारण अर्बौं डलरको पश्चिमा सहायताको दीर्घकालीन भविष्य अन्योलमा रहेको छ।

वाशिङ्टनमा गत वर्षदेखि ६० अर्ब अमेरिकी डलरको सैन्य सहायताको सम्भावित प्याकेज कङ्ग्रेसमा देखिएको विवादका कारण रोकिएको छ।

युरोपेली सङ्घ (इयू)ले मार्चसम्ममा पठाउने वाचा गरेको १० लाख तोपखानाको आधा गोला मात्रै व्यवस्था गर्न सक्ने बताएको छ।

युरोपका दुई प्रमुख शक्तिशाली मुलुक जर्मनी र फ्रान्सको भ्रमणका क्रममा जेलेन्स्कीले युद्ध समाप्त भएपछि आफ्नो देशको सुरक्षा प्रत्याभूतिलाई व्यवस्थापन गर्ने प्रयास गर्नेछन्।

जर्मन चान्सलर ओलाफ स्कोल्जले शुक्रवार युक्रेनको 'दीर्घकालीन सुरक्षा प्रतिबद्धता र समर्थन' समेट्ने गरी द्विपक्षीय सुरक्षा सम्झौतामा हस्ताक्षर गर्ने जर्मन सरकारले जनाएको छ।

एलिसीले शुक्रवार युक्रेनसँग सुरक्षा सम्झौतामा हस्ताक्षर हुने पनि पुष्टि गरेको छ, तर यसका विषयवस्तुबारे कुनै जानकारी दिएको छैन। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## गाँधीदेखि बुद्धसम्म कि बुद्धदेखि गाँधीसम्म ?

मन्तव्य



कुमारबन्धु रूपाखेती

**बुद्ध त गाँधीभन्दा शताब्दीऔं पुराना र श्रेष्ठ थिए। बुद्धको स्थान त संसारमा भगवान्झैं छ। अनि बुद्धदेखि गाँधीसम्म लेख्नुको साटो इतिहासलाई चुनौती दिंदै नेपालीहरूको भावनामा ठेस पुऱ्याउँदै उपहास गर्दै कसले किन गाँधीदेखि बुद्धसम्म भन्ने फजुल तुल ब्यानर बनायो ?**

भारतीयहरूले नेपाली बौद्धिक समाजलाई अझैसम्म स्वाँठ, बज्रस्वाँठ ठान्दा रहेछन् भन्ने छनक अस्ति मैले मितेरीपुलमा देखें। शान्ति पदयात्राको नाममा भारतका अभियन्ता भनिने राजगोपाल पिभी ठूलै लावालस्कर र तामझामसहित नेपाल प्रवेश गरेका थिए। उनीहरूले शान्ति पदयात्रामा राखेका र बोकेका तुल, ब्यानर मलाई 'तारक मेहताका उल्टा चश्मा' वाला बेतुका, वाहियात, टाइमपास सिरियलझैं लाग्यो। उनीहरूले बोकेको तुल ब्यानरमा गाँधीदेखि बुद्धसम्म लेखिएको थियो। तर लेखिनुपर्ने चाहिं बुद्धदेखि गाँधीसम्म हुनुपर्ने मेरो जिकिर छ। बुद्ध त गाँधीभन्दा शताब्दीऔं पुराना र श्रेष्ठ थिए। बुद्धको स्थान त संसारमा भगवान्झैं छ। अनि बुद्धदेखि गाँधीसम्म लेख्नुको साटो इतिहासलाई चुनौती दिंदै नेपालीहरूको भावनामा ठेस पुऱ्याउँदै उपहास गर्दै कसले किन गाँधीदेखि बुद्धसम्म भन्ने फजुल तुल ब्यानर बनायो ? गाँधीदेखि बुद्धसम्म लेखिएको त्यो झन्डामुन्डामा बुद्धदेखि गाँधीसम्म लेखिनुपर्छ भन्ने मेरो विचार हो।

नेपालको तर्फबाट यी शान्ति पद यात्रीलाई स्वागत गर्न पुगेको टोलीलाई त म इतिहास नबुझेको अथवा बुझ पचाउन खप्पिसहरूको झुन्ड भन्छु। किनकि यताबाट स्वागतमा जाने लालबुझक्कडहरूले यस्तो गहन र संवेदनशील विषयमा किन लाटोकोसेरो बने। लाटोकोसेरोले दिउँसो आँखा देख्दैन। अचेल त नेपालमा जुनसुकै काम पनि कोही हकदार नभएको अपुताली ठानेर ढिंढोरा पिट्ने चलन छ। अर्को स्मरणीय कुरा के छ भने अभियन्ताजीको स्वागतार्थ बोकिएका तुल ब्यानरमा गाँधीको बडेमानको तस्वीर अङ्कित छ भने बुद्धको तस्वीर एकदमै सानो छ। यो शान्ति पदयात्रा हो कि गाँधी पदयात्रा हो, भ्रममा पारिएको छ। गाँधी या जोसुकैको आड लिएर बुद्धलाई होच्याउन पाइँदैन। 'बिकज बुद्ध वाज बोर्न इन नेपाल।' त्यस्तै, त्यहाँ बुद्ध र गाँधीलाई अशोभनीय किसिमले दाँजे वक्ताहरूले। गाँधीलाई त म बुद्धको शिष्यसमेत ठान्दिनँ। बुद्धबारे त बकवास नै गरे केहीले। गौतम बुद्ध शान्तिको खोजमा घोडा चढेर तिलौराकोटको बाटो भारत पसेको जगजाहेर इतिहासलाई झुठल्याउँदै एकजना उपब्रुजुकले ठोरीको दक्षिण-पश्चिम पर्ने भारतको रामपूर्वा भन्ने स्थानबाट भारत पसेको भन्दै सबलाई चकित बनाउँदै आफ्नो विद्वता प्रदर्शन गरे। के यसरी इतिहासलाई तोडमरोड गर्न र बुद्धभन्दा गाँधी श्रेष्ठ, सर्वश्रेष्ठ देखाउन पाइन्छ र ? नेपाली समाजलाई लठेब्रो र लाटोबुङ्ग्रो ठान्ने आफूलाई उपबुज्रुक ठान्ने नेपालीहरूको उपद्रव चरित्र देख्दा मलाई आफैं बसेको रूखको हाँगा काट्ने कालिदासको याद आउँछ। त्यसो त आफूलाई जान्नेबुझ्ने ठान्नेहरू चिल्लर कुरा गरेर आफैं तल झरेको पत्तै पाउँदैनन्।

मेरा काबिल दोस्तहरूको वायुपङ्खी उडान कहिले कता खस्छ ? दैवले नै जानून्। काकताली परेर कोही इतिहासको जानकार भएको छ र ?

गुलजारको शायरी एउटा यस्तो पनि छ–

कहनेवालोका कुछ नहीं जाता,
सहनेवाले कमाल करते है,
कौन ढुढे जवाब दर्दोका
लोग तो बस सवाल करते है।

भनिन्छ नि, विष पिएर पनि शङ्कर महादेव भए, अनि अमृतपान गरेर पनि राहु-केतु असुर नै रहे। चन्द्रले त किशोर अवस्थादेखि नै ठण्डक दिन्छ ?

नेपालीमा एउटा चर्चित लोकप्रिय गीतले भन्छ– भन्ने कुरा कति थियो, छातीभित्रै रह्यो ...। त्यसैले दहीको रायता नबनाउन र लालबुझक्कड बन्नुको सट्टा कतै-कतै पढ्ने, बुझ्ने बानी बसाल्नु पनि श्रेयकर हुन्छ। नत्र,

मै अकेला ही चली थी, जिन्दगीकी दही जमाने ...
रास्तेमे कुछ पागल मिल गए और
जिन्दगी रायता बन गया।
भन्नुपर्छ।

बुद्धदेखि गाँधीसम्म शीर्षक सिर्जना गर्नुपर्छ। म झुक्दै नझुक्ने नेपालको छोरो।

## नौतनको पोखरी सौन्दर्यीकरणको शिलान्यास

प्रस, परवानीपुर, ४ फागुन/

बाराको प्रसौनी गाउँपालिका-३ नौतनको पोखरी सौन्दर्यीकरण गर्न योजना अगाडि बढेको छ। शुक्रवार एक कार्यक्रमबीच व्यवस्थितरूपमा पोखरीको संरक्षण गर्न वीरगंजको घडीअर्वा पोखरी जस्तै छठघाट र पर्यटकीय गन्तव्य बनाउन सौन्दर्यीकरण योजना अगाडि बढाइएको हो।

तस्वीरः प्रतीक



गापा अध्यक्ष विनोद जैसवालले सौन्दर्यीकरण योजनाको शिलान्यास गरेका थिए। सो अवसरमा गापा उपाध्यक्ष किरण देवी, विभिन्न वडाका अध्यक्ष, वडा सदस्य, गाउँलेलगायतको सहभागिता थियो।

पोखरी सौन्दर्यीकरणको लागि गापाले चालू आवमा रु तीन करोड विनियोजन गरेको छ।

## मूर्ति सेलाउन तडकभडक शैली

प्रस, परवानीपुर, ४ फागुन/

सरस्वतीपूजा गरेका विभिन्न समूहहरूले नजीकको जलाशयमा शुक्रवार मूर्ति सेलाएका छन्। विभिन्न विद्यालय, कलेज, क्लब, शैक्षिक संस्था तथा युवा विद्यार्थीहरूको समूहले मूर्ति नदी, पोखरी, खोलामा विसर्जन गर्नको लागि तडकभडक शैली अपनाएको सर्वसाधारणले बताएका छन्।

तस्वीरः प्रतीक



पाँच वर्षअघि सामान्य तरीकाले मूर्ति विसर्जन गर्ने गरिएकामा अहिले डिजेसहितको म्युजिक भएको गाडीमा मूर्ति राखेर विसर्जन गर्ने गरिएको छ।

यस्तै, तडकभडक शैलीको क्रममा रौतहटमा मूर्ति विसर्जन गर्न खोज्दा झडप भएको थियो। सो घटनापछि पर्सामा पनि प्रहरी प्रशासनले मूर्ति विसर्जन हुने विभिन्न घाटमा सुरक्षा तैनाथी बढाएको थियो।

पर्साको तिलावे खोलामा दर्जनौं मूर्ति विसर्जन गरिएको थियो। कतिपयले सरस्वतीपूजाको भोलिपल्ट बिहीवार मूर्ति सेलाएका थिए भने धेरैजसोले आज शुक्रवार मूर्ति सेलाएका छन्। बिहीवार मूर्ति सेलाउन नहुने मान्यता राखेकाहरूले आज मूर्ति सेलाएका हुन्।

मूर्ति सेलाउने क्रममा कहिलेकाहीं खोला, नदीमा डुबेर मृत्यु हुने घटनासमेत भएका छन्।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | भाग्योदय |
| मिथुन | बेचैनी | कर्कट | मनोरञ्जन |
| सिंह | कर्मप्राप्ति | कन्या | प्रगति |
| तुला | वादविवाद | वृश्चिक | यात्रालाभ |
| धनु | कडाश्रम | मकर | ज्ञानोदय |
| कुम्भ | उदरपीडा | मीन | विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# महिला पत्रकारलाई १२ दिने आधारभूत तालीम

प्रस, वीरगंज, ४ फागुन/

युनेस्कोको सहयोग र लोकसञ्चारको आयोजनामा शुक्रवारदेखि वीरगंजमा महिला पत्रकारहरूको लागि १२ दिने पत्रकारिता तालीम शुरू भएको छ ।

लोकसञ्चारका अध्यक्ष रमेशरञ्जन झाले पत्रकारितामा मधेसी महिला पत्रकारहरूको सक्रियता बढाउनको लागि तालीम आयोजना गरिएको बताए । उनले नेपालमा महिलाहरू पछाडि परेका र त्यसमा पनि मधेसका महिलाहरू हरेक क्षेत्रमा पिछडिएका कारण महिला पत्रकारहरूको सक्रियता बढाउन तालीम आयोजना गरिएको बताए ।

पत्रकारिताको माध्यमबाट मधेसका सीमान्तकृत महिलाहरूको आवाज बुलन्द हुन सकोस् भन्ने तालीमको उद्देश्य रहेको उनले प्रस्टयाए ।

नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीले यो क्षेत्रमा मधेसी महिला पत्रकारहरूको उपस्थिति न्यून भएका कारण समग्र मधेसी महिलाहरूको आवाज मुखरित हुन नसकेको बताए । उनले मधेसी महिला पत्रकारहरूको सक्रियता बढाउनुपर्ने आवश्यकतामा जोड दिए । अध्यक्ष तिवारीले यो क्षेत्रमा लागेर राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा महिला पत्रकारहरूले पहिचान बनाए पनि त्यो सङ्ख्या आशाप्रद नभएको बताए ।

तालीम लिएका महिला पत्रकारहरूले


तस्वीरः प्रतीक

पत्रकारिता क्षेत्रमा काम गरेको खण्डमा परिवर्तन सम्भव हुने उनले दाबी गरे ।

तालीममा पर्सा, बारा, रौतहट, सर्लाही गरी चार जिल्लाका २० जना महिला पत्रकारको सहभागिता छ ।

तालीम उद्घाटनसत्रको पत्रकार माधुरी महतो र सलमा खातुनले सहजीकरण गरेका थिए ।

# बालुवा बोकेका दुईवटा ट्याक्टर नियन्त्रण


तस्वीरः सौजन्य

नितेश कर्ण, वीरगंज, ४ फागुन/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-५ स्थित दुधौरा खोलाबाट बालुवा लोड गरेका दुईवटा ट्याक्टर सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ ।

ना.६त ३७९१ र प्र २-०३-००१ त २४९१ नम्बरका बालुवा लोड ट्याक्टरसहित चालक बारागढी गाउँपालिका-३ बस्ने रमेश मुखिया र जीतपुरसिमरा उपमनपा-५ बस्ने वीरबल सहनीलाई नियन्त्रणमा लिएको सुरक्षा बेस जीतपुरका सशस्त्र प्रहरी नायब उपरीक्षक कुमार बरालले बताए ।

ट्याक्टर र चालकलाई कारबाईको लागि जीतपुरसिमरा उपमनपाको राजस्व शाखामा बुझाइएको छ ।


# रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाई हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन/तीन महीनामा रक्तदान गर्न मिल्छ,
- १८ देखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवनदान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं
- आफूले पनि रक्तदान गरौं, अरूलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विपन्नलाई खाद्यान्न सहयोग

प्रमोद यादव, पंचगावाँ, ४ फागुन/


पटेर्वासुगौली गाउँपालिका-५ का अध्यक्ष विपिन मुखियाले वडाका अतिगरीब दुईजनालाई क्रिया खर्चबापत


तस्वीरः प्रतीक

खाद्यान्न सहयोग गरेका छन् ।

वडा नं ५ की चिन्ता देवी र जयचन्द्र साहलाई चिउरा ५० किलो, चामल ५० किलो, आलु ५० किलो, प्याज ३० किलो, खानेतेल १५ लिटर, नून पाँच किलो, दाल १५ किलोका दरले उपलब्ध गराइएको थियो ।

दुवैजनाको आफन्तजनको निधन भएको र उनीहरूको आर्थिक अवस्था निकै कमजोर भएकोले दुवैजनालाई वडा कार्यालयमा बोलाएर खाद्यान्न सहयोग गरेको वडाध्यक्ष मुखियाले बताएका छन् ।



# खेलकूदको संसार

## पर्सागढी प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू

## खेलकूदले शारीरिक र मानसिक स्वास्थ्य बलियो बनाउँछ- नगरप्रमुख

नरेश यादव, पर्सागढी, ४ फागुन/

'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' नाराका साथ पर्सागढी नगरस्तरीय प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको शुरू भएको छ ।

प्रतियोगिताको उद्घाटन नगरप्रमुख गोकर्ण पाठकले गर्दै खेलकूद मनोरञ्जनको लागि मात्र नभएर स्वास्थ्यको लागि



तस्वीरः बलिराम शुक्ला

पनि फाइदाजनक हुने बताए । उनले खेलले हामीलाई अनुशासित तथा शारीरिक र मानसिकरूपमा स्वस्थ राख्ने बताए । खेलको विकासको लागि पर्सागढीले काम गरिरहेको उनले बताए ।

नगरप्रमुख पाठकले नगरपालिकाभित्र जीर्ण अवस्थामा रहेका खेलमैदानको मरम्मतसम्भार गरिएको बताए । उनले खेलमार्फत खेलाडीले आफ्नो र नगरपालिकाको नाम देश-विदेशमा चिनाउन आग्रह गरे ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बर्वाछोटैलीको आयोजना तथा पर्सागढी नगरपालिकाको प्रायोजनमा विद्यालयको खेलमैदानमा प्रतियोगिता आयोजना गरिएको छ । तीन दिनसम्म हुने नगरस्तरीय प्रतियोगितामा १२ वटा विद्यालय सहभागी छन् । नेरामावि बर्वाछोटैली, ज्योति सदन इङ्लिश स्कूल, नेरामावि हरदासपुर, कोइलाभार आधारभूत विद्यालय मनवा, भूपू सैनिक आमोदेवी स्कूल, नेरा आधारभूत विद्यालय सबैया, जनता मावि बडनिहार, नेरा आधारभूत विद्यालय झबराहा, नेरामावि बडेर्वा, पर्सा रेम्बो माध्यमिक विद्यालय बडनिहार, भोजियादेवी आधारभूत विद्यालय गोडपसरा, नेरामावि बहुअर्वासिरा सहभागी छन् ।

प्रतियोगितामा दौड, रिले, हाइजम्प, लङजम्प, सटफुट, ज्याबलिङ थ्रो, कबड्डी, भलिबल खेल हुने मुख्य निर्णायक विशेश्वर पटेलले बताए ।

कार्यक्रममा उपप्रमुख पूजा चौधरी, पूर्वउपप्रमुख अर्चना चौधरी, वडाध्यक्ष शेख खुर्सेद, विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष अच्छेलाल यादव, शिक्षक अभिभावक सङ्घका अध्यक्ष नरेश यादव, जङ्गबहादुरदास थारू, रामप्रसाद पाठक, राजेश चौरसिया, ६ नं वडा अध्यक्ष नवलकिशोर कलवार, प्रमुख प्रशासकीय अधिकृत छविरमण भट्टराई, रामआशिषप्रसाद यादव, शिक्षा शाखा प्रमुख देव गिरीलगायतको सहभागिता थियो ।

विद्यसका अध्यक्ष ओसियर मियाँको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रअ रामबहादुर चौधरी र सहजीकरण शिक्षक कृष्ण श्रेष्ठले गरेका थिए ।

## एसिसी महिला प्रिमियर कप क्रिकेटः नेपाल मलेशियासँग पराजित

काठमाडौं, ४ फागुन/रासस

एसिसी महिला प्रिमियर कप क्रिकेटको सेमिफाइनल खेलमा नेपाल घरेलु टोली मलेशियासँग चार विकेटले पराजित भएको छ । जीतका लागि ११६ रनको विजयी लक्ष्य पछ्याएको मलेशियाले १९ दशमलव पाँच ओभरमा छ विकेट गुमाउँदै पूरा गऱ्यो ।

मलेशियाको जीतमा एल्सा हन्टरले सर्वाधिक ६९ रनको योगदान दिइन् । उनले ५३ बलमा छ चौकासहित ६९ रनको अविजित इनिङ खेल्दै टोलीलाई जिताएकी हुन् । त्यस्तै मास एलिसाले १३ रन जोड्दा महिराह इजाती १६ र वान जुलिया ११ रनमा आउट भए ।


तस्वीरः एजेन्सी

नेपालका लागि सीता रानामगर र कविता जोशीले समान दुई/दुई विकेट लिए भने रुबिना क्षेत्री र कविता कुँवरले समान एक/एक विकेट लिए ।

त्यसअघि मलेशियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै ११५ रनको योगफल बनाएको थियो ।

नेपालकी कप्तान इन्दु बर्माले ३७ बलमा दुई चौकासहित सर्वाधिक २९ रन बनाएकी थिइन् । डली भट्टले १४ बलमा एक चौका र दुई छक्कासहित २५ रन बनाइन् । सीता रानामगर छ रनमा आउट भएकी थिइन् । कविता कुँवरले ३१ बलमा दुई चौकासहित २३ रन बनाइन् भने रुबिना क्षेत्रीले १८ बलमा दुई चौकासहित २० रन जोडिन् ।

मलेशियाकी महिराह इजाती इस्मालिल दुई विकेट लिइन् भने विनिफ्रेड दुराइसिंघमले एक विकेट लिइन् ।

आजै भएको अर्को सेमिफाइनल खेलमा युएईले थाइल्यान्डलाई चार रनले हराउँदै फाइनलमा पुगेको छ । यो जीतसँगै मलेशिया र युएई एशिया कपमा छनोट भएका छन् । नेपाल भने प्रतियोगिताबाट बहिरिएको छ ।

**अलौको ...**

शैक्षिक अवस्था एवं सरसफाइ, स्वास्थ्य संस्थाको व्यवस्थापन र अन्य जीविकोपार्जनका योजनाहरूमा पनि कार्य गर्ने उनको भनाइ छ । वडाअध्यक्ष छतकुलीले विभिन्न योजनाहरू इबिडिङ भएर ठेक्का सम्झौता गरी ठेकेदारमार्फत काम भइरहेका र ती काममा कुनै सम्झौता नगर्ने बताए ।

विसं १९०४ मा भएको अलौं पर्वलाई स्मरण गर्नको लागि अलौंमा सङ्ग्रहालय बनाउने योजना रहेको र सोको लागि बजेट छुट्याउने उनले बताए ।

**असल ...**

यसलाई संरक्षण गरिएन भने हामी हुनुको अस्तित्वसमेत सङ्कटमा पर्ने र भावी पुस्ता अलमलमा पर्ने भएकोले पनि नेपाली मौलिक शिक्षाको विकास र संवर्द्धनमा समुचित ध्यान दिन आवश्यक देखिन्छ ।

यसको मतलब हाम्रो शिक्षाको मूल कुरा विज्ञानसम्मत हुनुपर्छ । न कि अन्धविश्वासमा आधारित हाम्रा व्यवहारहरू, चाडपर्वहरू, संस्कृतिहरू सबै कुरा विज्ञानको आलोकमा अगाडि बढाउन जरुरी छ । अनिमात्र हामी २१औं शताब्दीमा असल परम्पराहरूलाई जोगाएर त्यसबाट असल प्रेरणा लिने र खराब परम्पराहरूलाई निरुत्साहित गर्दै त्यसको नकारात्मक प्रभावबाट भावी पुस्तालाई जोगाउन सक्षम हुनेछौं, नत्रभने प्रत्येक वर्ष हामी मानिसका तस्बिर हरूमा ढोदै जाने, माटाका मूर्तिहरूको अगाडि पूजा गर्दै जाने र त्यो पूजा गर्न क्रममा रातभरि "जब लगावेली तु लिपिस्टिक लालीपप लागेलु ..." भन्ने गीत कानको जाली फुट्नेगरी बजाइरहनेछौं ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | नारायणी वाङ्मय | पुस्तक चर्चा | सिद्धार्थ कलेज | ८:३० |